का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १८५
❐ ४ भदौं २०७८, शुक्रबार
❐ 20 August 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



# उल्टो बाटोको निरन्तरता !

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

सरकारले बागमती प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईँलाई बर्खास्त गरी नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने सिफारिस गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रसाईँलाई बर्खास्त गरी यादवचन्द्र शर्मालाई प्रदेश प्रमुख सिफारिस गरेको छ। अब राष्ट्रपतिले शर्मालाई प्रदेश प्रमुख नियुक्त गर्नेछन्। यो सँगै बागमती प्रदेशमा चार वर्षको अवधिमा तेस्रो प्रमुख प्रमुख नियुक्त हुँदैछन्।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले अनुराधा कोइरालाले पहिलो प्रदेश प्रमुख नियुक्त गरेका थिए। तर २०७४ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा वाम गठबन्धनलाई भारी मत प्राप्त भएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री निर्वाचित भए। निर्वाचनमा गठबन्धन गरेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग मिलेर ओलीले देउवाले नियुक्त गरेका सातै प्रदेश प्रमुख बर्खास्त गरे। त्यसपछि आफू अनुकुल प्रदेश प्रमुख नियुक्त गरे।

तर वाम सरकार एकता कायम रहन सकेन। गएको ५ पुसमा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित भयो। विभाजित नेकपा फेरि विघटन भएर एमाले र माओवादी केन्द्र नै बन्यो। एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीका हैसियतमा गण्डकी, प्रदेश २ र लुम्बिनी प्रदेश प्रमुख बर्खास्त गरी नयाँ प्रदेश प्रमुख नियुक्त गरे। फेरि ओलीको सरकार पनि ढल्यो। देउवा नेतृत्वको गठबन्धन सरकारले ओलीले नियुक्त गरेका गण्डकी, लुम्बिनी र प्रदेश २ का प्रदेश प्रमुख पदमुक्त गर्दै आफू निकटलाई नियुक्त गरेका थिए। बिहीबार फेरि बागमती प्रदेशमा पनि प्रदेश प्रमुख फेरिए।

यसले प्रदेश प्रमुख जस्तो संघीयता कार्यान्वयनका लागि आवश्यक महत्वपूर्ण पदलाई सत्ताले आफू अनुकुल चलाउन खोजेका छन्। पाँच वर्ष कार्यकाल रहने प्रदेश प्रमुख संघीय मन्त्रिपरिषद्ले हटाउने र नियुक्त गर्नसक्ने प्रावधान राखिएकैले अहिले सरकार फेरिएअनुसार प्रदेश प्रमुख बदलिने अवस्था बनेको छ।

एमाले-माओवादीले चुनावमा गठबन्धन गरेपछि देउवाले आफू अनुकुल प्रदेश प्रमुख नियुक्त गरेका थिए। जुन आफैंमा गलत थियो। किनकि प्रष्ट जनादेश वाम गठबन्धनले पाइसकेपछि देउवाले बाँकी पृष्ठ २ मा

“ दुई पटक संसद् विघटन गर्ने, संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर राज्यको शक्ति सन्तुलन बिथोल्ने, संसद् नभएर अध्यादेशबाट शासन चलाउने, दल विभाजनको बाटो रोज्ने जस्ता आरोप खेप्दै केपी शर्मा ओली प्रधानमन्त्रीबाट पदमुक्त भएपनि शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले राजनीतिक कोर्स भने सच्याउन सकेको छैन ।

# मन्त्रिपरिषद् पुनर्गठन अझै अनिश्चित

सत्ता साझेदार गठबन्धनका दलहरुमा देखिएको आन्तरिक समस्याका कारण रोकिएको मन्त्रिपरिषद् पुनर्गठन अझै केही समय नहुने देखिन्छ ।

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३ भदौं ।



प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रिपरिषद्लाई पूर्णता दिन अझै केही समय लाग्ने भएको छ। बिहीबार सत्ता साझेदार दलका प्रमुखहरु बीच बैठक बसेको थियो। प्रधानमन्त्री एवम् काँग्रेस सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नव गठित नेकपा एमाले समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बीच बालुवाटारमा सरकारलाई पूर्णता दिने लगायत विषयमा छलफल भएको बताइएको छ।

तर उक्त छलफलमा फेरि पनि मन्त्रिपरिषद् तत्काल बिस्तार नगर्ने सहमति भएको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बताए। उनका अनुसार, अझै केही समय लाग्नेछ। स्रोतले बताएअनुसार माधव नेपालको पार्टी विभाजनले वैधानिकता पाए पछि मात्रै मन्त्रिपरिषद् बिस्तार हुनेछ। नेकपा एमाले विभाजन गरी बुधबार मात्रै नयाँ दल दर्ता भएको छ। तर अध्यादेशबाट पार्टी विभाजन गरिएकाले निर्वाचन आयोगले प्रक्रिया पूरा गर्न समय लाग्ने भएको छ।

अध्यादेशले राजनीतिक दल सम्बन्धी ऐन संशोधन गरेकाले अध्यादेशअनुसार कानून बनाउन समय लाग्ने भएकाले दल विभाजनको वैधानिकता पाउन केही समय लाग्नेछ। अर्थात् माधव नेपालको पार्टीले वैधानिकता नपाएसम्म मन्त्रिरिषद् पुनर्गठन नहुने भएको छ। “माधव नेपालको पार्टी सहभागी नभएसम्म सरकार बन्दैन। उहाँलाई कुर्न केही समय लाग्ने देखिन्छ”, एक नेताले भने।

ती नेताले अझै दश पन्ध्र दिन मन्त्रिपरिषद् बिस्तार हुन समय लाग्ने बताए। जबकी मन्त्रिपरिषद् बिस्तार नहुँदा सरकारको कामकारबाही प्रभावकारी हुन सकिरहेको छैन। गएको २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले अहिले पनि ६ सदस्यीय मन्त्रिपरिषद् चलाइरहेका छन्। काँग्रेस र माओवादी केन्द्रबाट दुई/दुई जना मन्त्री छन्। १० साउनमा देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका थिए। बाँकी मन्त्रालय प्रधानमन्त्री देउवा आफैले चलाइरहेका छन्।

## छिट्टै पूर्णता !

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भने मन्त्रिपरिषद्ले छिट्टै पूर्णता पाउने बताएका छन्। समाजवादी केन्द्र नेपालले आयोजना गरेको ‘एक्काइशौँ शताब्दीको मार्क्सवाद र समाजवाद’ विषयक अन्तर्क्रियामा अध्यक्ष ‘प्रचण्ड’ले मन्त्रिपरिषद् विस्तारका विषयमा बुधबारबाट नयाँ परिस्थिति बनेको बताए।

उनले भने, “आज बिहान मात्रै प्रधानमन्त्री शेरबहादुर देउवा, माधव नेपाल र म बसेका थियौँ, अब ढिलो गर्नुहुँदैन, छिटो टुङ्ग्याउनुपर्छ भनेका छौँ। हिजो दर्ता भएको पार्टीको सनाखत टुङ्गिने वित्तिकै मन्त्रिपरिषद् विस्तार टुङ्ग्याउनुपर्छ भन्ने सहमति भएको छ।”

उनले अहिले सरकारले ल्याएको दल विभाजनसम्बन्धी अध्यादेशको उद्देश्य लोकतन्त्र र संविधानको रक्षाका लागि भएको जिकिर गरे। प्रचण्डले भने, “पहिले ल्याएका अध्यादेश लोकतन्त्र र संविधान सिध्याउने उद्देश्यले ल्याइएका थिए, अहिलेको अध्यादेश लोकतन्त्र, संविधान र गणतन्त्रको रक्षाका लागि ल्याइएको हो।”

अर्को प्रसङ्गमा अध्यक्ष प्रचण्डले मार्क्सवादबारे तीन थरी दृष्टिकोण देखिएको भन्दै पहिलोले मार्क्सवादको यान्त्रिकिकरण गरेर सोच्ने जडसुत्रवादी प्रवृत्ति, दोस्रोले मार्क्सवादलाई त्याग्न खोज्ने वर्ग सङ्घर्ष होइन वर्गसमन्वयको प्रवृत्ति र तेस्रो चलायमान देखिएको मध्यपन्थी प्रवृत्ति रहेको टिप्पणी गरे।

अबको मार्क्सवादबारे रचनात्मक, सिर्जनात्मक ढङ्गले विचार, विमर्श गरेर नयाँ विश्लेषण निकाल्न आवश्यक रहेकोमा अध्यक्ष प्रचण्डले जोड दिए। संघीय समाजजादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले पुँजीवाद दिगो हुनसक्दैन भन्नेमा विश्वमै आम सहमति बनिसकेको बताउँदै तर विकल्प कस्तो समाजवाद भन्ने बहस जारी रहेको बताए।

उनले पुँजीवादसँगै अहिले प्रयोगमा रहेको पुरानो समाजवादको प्रयोग पनि असफल भएको टिप्पणी गर्दै समाजवादको नयाँ स्परुपबारे पर्याप्त बहस र छलफल आवश्यक रहेकोमा जोड दिए।

# कुवेतले नेपालीमाथिको प्रतिबन्ध हटायो
# मलेसियामा केही क्षेत्र खुकुलो पारिँदै

**कतारबाट तिलु शर्मा पौडेल/मध्यान्ह**
**मलेसियाबाट प्रकाश भुसाल/मध्यान्ह**

कुवेतले नेपालसहित ५ देशका नागरिकलाई आफ्नो देश प्रवेशमा लगाएको प्रतिबन्ध हटाएको छ। कुवेतले नेपालसहित इजिप्ट र दक्षिण एशियाली मुलुकहरुबाट सिधा उडान भर्ने निर्णय गर्दै यसअघिको प्रतिबन्ध हटाउने निर्णय गरेको हो। प्रतिबन्ध हटाउने निर्णय भएपनि उडान शुरु हुने मिति भने ताकिएको छैन।

कुवेतले गत साउन २१ गतेदेखि नेपाल कोरोना भाइरस (कोभिड-१९) संक्रमणको उच्च जोखिममा रहेको भन्दै नेपालीलाई आफ्नो मुलुक प्रवेशमा अनिश्चितकालका लागि रोक लगाएको थियो।

कुवेतले नेपालसहित भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाकालाई उच्च जोखिमको सूचीमा राख्दै चिकित्सक, कूटनीतिज्ञ तथा कोभिड समितिले अनुमतिपत्र प्रदान गरेका व्यक्ति बाहेकलाई प्रवेश अनुमति रोकेको थियो। कुवतेमा रहेका आप्रवासीमध्ये दक्षिण एशियाका बढी रहेको भन्दै उनीहरुलाई लामो समयसम्म रोक्न नसकिने बताइएको छ।

कुवेत सरकारको निर्णयले नेपालबाट वैदेशिक रोजगारीका लागि कुवेत जाने र रोजगारीबाट फर्किने कामदारहरुलाई सहज हुने आंकलन गरिएको छ। कुवेतले सिनोफार्म, सिनोभाक एण्ड स्पुत्नीक, फाइजर बायोनटेक, अक्सफोर्ड एक्ष्ट्राजेनेका, मेडेर्ना र जोन्सन एण्ड जोन्सन खोपलाई मान्यता दिएको छ।

नेपालबाट जाने कामदार वा यात्रुले उल्लेखितमध्ये कुनै एक खोपको मात्रा पूरा गरेको हुनुपर्ने शर्त तोकिएको छ। कुवतेमा विगत ५ दिनको अवधिमा कोरोना भाइरसका बिरामी ४ सय भन्दा तल देखिएका छन्।

यता ५० प्रतिशतभन्दा बढी पाका उमेरका व्यक्तिहरुलाई कोरोना भाइरसविरुद्धको खोप लगाएको मलेसियाले आवागमन नियन्त्रण आदेशका बाबजुद केही क्षेत्र खुला गर्न लागेको बताएको छ।

मलेसियाको स्वास्थ्य सेवा विभागका महानिर्देशक डा नुर हिसामले मलेसियामा कोरोना संक्रमण कम भएका कारण नभई आर्थिक गतिविधि बढाउनु परेको बाध्यताले केही क्षेत्र खुला गर्न लागिएको भन्दै कोरोनाविरुद्ध उच्च सतर्कता यथावत राख्न सर्वसाधारणलाई आग्रह गरेका छन्।

## वैदेशिक रोजगार विशेष

# शेरचनको निधन

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संस्थापक अध्यक्ष, राजधानी न्यूज पब्लिकेसनका अध्यक्ष एवं संविधानसभा सदस्य महेन्द्र शेरचनको निधन भएको छ। कोरोना भाइरस संक्रमण भई सशस्त्र प्रहरी अस्पतालमा उपचाररत ६७ वर्षीय शेरचनको बुधबार साँझ निधन भएको पारिवारिक स्रोतले जनाएको छ। स्व. शेरचन मिडिया सोसाइटीका अध्यक्ष थिए भने अलाइन्सको उपाध्यक्ष र विज्ञापन बोर्डका सदस्य थिए। शेरचनले दुई दशक भन्दा लामो समय कुपण्डोलमा शेर इण्टरनेशनल प्रा.लि.नामक वैदेशिक रोजगार कम्पनी संचालन गरेका थिए। स्व. शेरचनका श्रीमती, एक छोरी र तीन छोरा छन्।



# शर्मा प्रधानसेनापतिमा सिफारिस

**काठमाडौं/मस–** सरकारले नेपाली सेनाका बलाधिकृत रथी प्रभुराम शर्मालाई प्रधानसेनापतिमा नियुक्त गर्न सिफारिस गरेको छ। बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले शर्मालाई महारथी दर्जामा पदोन्नति गरी प्रधानसेनापतिमा नियुक्त गर्न सिफारिस गरेको हो।

सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार, शर्मालाई प्रधानसेनापति नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ।

यसबाहेक मन्त्रिपरिषद्ले ७ भदौमा गाइजात्रा मनाउन सार्वजनिक विदा दिने निर्णय गरेको छ। राजधानी उपत्यकामा मात्रै दिइने विदालाइ अब मुलुकभरका नेवार समुदायका लागि समेत सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

१४ भदौमा कृष्णजन्माष्टमी पर्वमा सार्वजनिक बिदा दिने र सैनिक सेवा चौथो संशोधन नियमावली २०७८ स्वीकृत गर्ने निर्णय गरेको प्रवक्ता कार्कीले बताए। सरकारले काठमाडौं तराई-मधेश द्रुतमार्ग



आयोजनाका लागि आवश्यक रहेका विभिन्न संरचनाको निर्माण गर्न मकवानपुरका कालभैरव र गौरीशङ्कर सामुदायिक वनमा परेका पाँच दशमलव २२ हेक्टर थप राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका रुख कटाउन स्वीकृती दिने निर्णय गरेको छ।

बैठकले राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव डिल्लीराम शर्मालाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टले पदबाट दिएको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ।

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

1. Documentaion -1 (Female)
2. PRO - 1 (Male-Female)
3. Recepsonist -1(Female)
4. Kitchen staff -1 (Female)

SALARY: NOGITABLE

*Experience: 2 Years on Manpower field.*
*Knowledge of computer (Office Package, Photoshop).*

PRATIGYA OVERSEAS PVT. LTD.
Address:Battisputali-09 Gausala, Kathmandu
Tel: 9823366480, 9851146480 | Email: overseaspratigya@gmail.com

# नेपालमा साढे ४० हजार सक्रिय संक्रमित

**काठमाडौं/मस-** नेपालमा कोरोना सक्रिय संक्रमितको संख्या साढे ४० हजार पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बिहीबार तीन हजार ७५ जना संक्रमित थपिएसँगं सक्रिय संक्रमितको संख्या बढेको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११ हजार ९४६ पीसीआर परीक्षणमा दुई हजार ३२१ र चार हजार ४९२ एन्टिजेन परीक्षणमा ७५४ जना गरी सो संख्यामा संक्रमण पुष्टि भएको हो।

योसँगै पीसीआर परीक्षण गर्दा हालसम्म संक्रमितको संख्या सात लाख ४२ हजार २२८ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या ७८ हजार ३७७ छ। सो अवधिमा थप दुई हजार १२६ जना संक्रमणमुक्त भएका छन्। योसँगै संक्रमणमुक्त हुनेको संख्या ६ लाख ९१ हजार २९९ पुगेको छ।

हाल ३७ हजार ११४ होम आइसोलेसनमा तथा तीन हजार ३८६ जना संस्थागत आइसोलेसनमा छन्। त्यसैगरी ७३९ आइसीयू



र १६८ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय संक्रमितको संख्या ४० हजार ५०० रहेको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १० हजार ४२९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ३३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। यस अवधिमा ९१ हजार ११ ले खोप लगाएका छन्।

**१६ लाख मात्रा खोप आइपुग्यो**

चीनबाट आठ लाख मात्रा भेरोसेल खोप आइपुगेको छ। नेपाल वायु सेवा निगमको वाइडबडी विमानमार्फत १६ लाख मात्रा खोप नेपाल आइपुगेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले जानकारी दिए। उनका अनुसार १६ लाख मात्रा खरिद गरिएको खोपमध्ये बुधबार राति आठ लाख मात्रा पहिलो चरणमा आइपुगेको हो। बिहीबार साँझ थप आठ लाख मात्रा खोप चीनबाट नेपाल आइपुगेको छ। यस्तै अगामी शनिबार पनि जापानबाट अनुदानमा छ लाख मात्रा एस्ट्राजेनिका खोप आउने उनले जानकारी दिए। प्राप्त भएको खोप प्राथमिकताका आधारमा लगाइने मन्त्रालयले जनाएको छ। अहिलेसम्म नेपालमा एक करोड १६ लाख खोप प्राप्त भइसकेको छ। अहिलेसम्म नेपालमा ४७ लाख ८५ हजार ९०२ पहिलो मात्रा र ३६ लाख ४९ हजार ७६० पूर्ण मात्राको खोप लगाइसकेका छन्।

# अनलाइन कक्षा प्रभावकारी बनाउन शिक्षकलाई ल्यापटप

**यामराज विष्ट/मध्यान्ह**
दैलेख, ३ भदौ

दैलेखको नारायण नगरपालिका ८ तर्ताङमा रहेको सरस्वती माध्यामिक विद्यालयले विद्यालयका सम्पूर्ण शिक्षकलाई ल्यापटप हस्तान्तरण गरको छ।

दिनप्रतिदिन कोरोना संङक्रमणको जोखिम बढ्दै गएका कारण संचालन भएका विद्यालय बन्द भएपछि शिक्षण सिकाई सहजीकरण गर्न शिक्षकलाई ल्यापटप वितरण गरिएको हो। विद्यालयका प्रधानाध्यापक जीवराज तिमिल्सेनाले कोरोना संङक्रमणको जोखिमका कारण भौतिक रुपमा उपस्थित भएर पठन पाठन गर्न असमर्थ भएपछि अनलाइन कक्षालाई प्रभावकारी बनाउन १५ जना शिक्षकहरुलाई ल्यापटप वितरण गर्ने योजना अनुसार ल्यापटप हस्तान्तरण गरिएको बताए। विद्यालयले १५ थान ल्यापटप सात लाख ८० हजारमा खरिद गरिएको र इमेल इन्टरनेटको पहुचमा भएका बालबालिकाका लागि बैकल्पीक प्रविधि बाट शिक्षण



सिकाई गर्ने ,अन्य बालबालिकालाई कसरी शिक्षण सिकाई गर्ने विषयमा पुनः छलफल गरेर अगाडी बढ्ने प्रधानाध्यापक तिमिल्सेनाले बताए।

यस्तै कोभिड महामारीले गर्दा भौतिक रुपमा उपस्थित हुन असम्भव भएको अहिलेको अवस्थामा प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गरिने र विद्यार्थीसँगको सम्पर्क कायम गराउन सजिलो बनाउन सो कार्यक्रम ल्याइएको विद्यालयका सह प्रधानाध्यापक लोकेन्द्र जिसी कुमारले बताए। ल्यापटप हस्तान्तरण कार्यक्रममा विद्यालय व्यवःथापन ;मितिका अध्यक्ष तथा नारायण नगरपालिका -८ का अध्यक्ष दल बहादुर खत्रीले शिक्षक र विद्यार्थीले प्रविधिको प्रयोग गरी शिक्षण सिकाई गर्नुपर्ने बताए।

उनले शिक्षण सिकाई प्रभावकारी बनाउन ल्यापटप वितरण गरेका छौं। त्यसको समुचित प्रयोग गर्न शिक्षकलाई आग्रह गरे। भर्खरै नयाँ शैक्षिक सत्र सुरु भएको र कोभिड महामारीले गर्दा सम्पूर्ण शिक्षण सिकाइ बैकल्पिक विधिबाट सुरु गर्नुपर्ने भएको हुँदा ल्यापटप वितरण कार्यक्रम बढी फलदायी हुने देखिन्छ अध्यक्ष खत्रीले बताए।

दैलेख जिल्लामा भने यो पहिलो प्रयास भएको शिक्षा बिकास तथा समन्वय एकाई दैलेखले जानकारी दिएको छ। शिक्षा विकाश तथा समन्वय एकाई दैलेखका प्रमुख तेज बहादुर थापाले यो प्रयास राम्रो भएको भन्दै अन्य विद्यालयले समेत यस्ता खालका कार्यक्रम संचालन गर्नुपर्नेमा जोड दिए। यो कार्यक्रमले विद्यालयका शिक्षकलाई बैकल्पिक शिक्षण सिकाइ गर्न दबाब सिर्जना हुने र यसले शिक्षकलाई प्रविधिमैत्री समेत बनाउने समन्वय प्रमुख थापाको भनाइ छ।

# गोर्खा चाईनिज ईट्टा बजारमा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
बनेपा, ३ भदौ

गोर्खा इको रेड ब्रिक्स प्रालिले गोर्खा नामको चाइनिज ईट्टाको उत्पादन सुरु गरेको छ। काभ्रेपलान्चोक जिल्लाको बनेपास्थित उद्योगबाट पुनः ईट्टाको उत्पादन थालेको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत कृष्णराम देउपालाका अनुसार उपभोक्ताको माग बमोजिम ईट्टा उत्पादन सुरु गरेको जनाए। कम्पनीले पहिलो पटक २०७६ मंसिरबाट ईट्टाको उत्पादन थालेपनि कोभिडका कारण उद्योग बन्द गर्नुपरेको बताए। उत्पादन थालिएसँगै देसैभरी ईटाको विक्रीवितरण पनि थालेको कम्पनीले जनाएको छ। ग्राहकवर्गमा गुणस्तरीय तथा सस्तो दरमा आफ्नो उत्पादन बिक्री वितरण गर्ने कम्पनीले जनाएको छ।

ग्राहकको सन्तुष्टी नै हाम्रो चाहाना भन्ने नारालाई अनुसरण गर्दै गुणस्तरिय उत्पादन गर्ने बताए। कम्पनीका ईटाहरु चार वटै सतह चिल्लो रहेको छ भने काँचो ईट्टा बन्ने क्रमदेखि पोलेको ईटा तयार हुँदासम्मको सवै प्रक्रिया मेशिनबाटै हुने भएकाले यस प्रविधिबाट बनेको ईट्टाको चार वटै सतह चिल्लो हुने जनाइएको छ।

यो प्रविधिमा सुरुवाती माटो तथा नरम ढुंगा प्रशोधन देखि लिएर काँचो इटा उत्पादन तथा पोल्नेलगायतका सवै काम वैज्ञानिक रुपमा व्यवस्थित गरी मेशिनबाटै हुने जनाइएको छ।



कम्पनीले जनाए अनुसार यो प्रविधिबाट ईटा बनाउँदा काँचो ईटालाई घाममा नसुकाई ड्राइ टनेलमा पठाई सुकाइन्छ। यसपछि फायर टनेलमा आठ सयदेखि नौ सय डिग्रीसम्मको तापक्रममा राखेर ईटा पोल्ने गरिन्छ। फायर्रिंग टनेलमा भएको तातो हावालाई डाइ टनेलमा लगी काँचो इटा सुकाउने गरिन्छ। यसका लागि तापक्रम नाप्न तापक्रम मापन यन्त्र थमोमिटर पनि जडान गरिएको छ। थर्मोमिटरमा तापक्रम हेरी आवश्यकता अनुसार कोइला थपी ईट्टा पोल्ने गरिन्छ। यसले गर्दा ईट्टा एकनासले पाकेर निस्किन्छ। उत्पादनको कुनै पनि प्रक्रियाको दौरानमा धुलो नउड्ने र न्यून मात्रामा मात्रै धूँवा निस्कने सुरुङ भट्टी प्रविधिबाट उत्पादन यसको एउटा विशेषता रहेको कम्पनीले जनाएको छ। ईटा उत्पादनमा यो प्रविधि पहिलो पटक नेपालमा मात्र नभएर दक्षिण एशियामा नै नौलो र अत्याधुनिक रहेको बताइएको छ।

# गाउँपालिका अध्यक्षलाई पक्राउ गर्न अदालतको पूर्जी

**पर्वत/मस-** पर्वतको जलजला गाउँपालिका अध्यक्ष यामबहादुर मल्ललाई पक्राउ गर्न कास्की जिल्ला अदालतले जिल्ला प्रहरी कार्यालय पर्वतलाई पत्राचार गरेको छ।

गत साउन ३१ गते अदालतको तहसिल शाखाबाट प्रहरीलाई लेखिएको पत्रमा अध्यक्ष मल्ललाई पक्राउ गरी अदालतमा दाखिला गर्न अनुरोध गरिएको जनाइएको छ। अध्यक्ष मल्ललाई व्यवसायी ध्रुवबहादुर थापासँग लेनदेनको मुद्दामा विसं २०७७ चैत २७ मा पक्राउ गरी छ महिना कैदमा राख्न जिल्ला कारागार कास्कीमा पठाइदिनु भनी आदेश भएकाले पक्राउ गर्न भनिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

जिप्रका प्रमुख शिवराज बुढाथोकीले अदालतको पत्र आएपछि अध्यक्ष मल्ललाई पक्राउ गर्न खोजी भइरहेको जानकारी दिए। 'हामीले खोजी गरिरहेका छौं, उहाँ कहाँ हुनुहुन्छ भन्ने थाहा पाइएको छैन', उनले भने, 'जतिसक्दो छिटो पक्राउ गरेर अदालतमा पेश गर्ने




गरी खोजी भइरहेको छ।' यसबारे बुझ्न सम्पर्क गर्दा अध्यक्ष मल्लले आफूले अहिलेसम्म कसैलाई एक रुपैयाँ पनि नठगेको जनाउँदै विसं २०६८ मा राजेश बोहराले फोर्स गाडी निकाल्दा जमानी बसिदिएको र बोहराले पैसा तिर्न नसकेपछि आफैंले तिरिदिएको बताए। विसं २०६८ कात्तिक १४ गते आफू जमानी बसिदिएको र तिर्नुपर्ने रकम रु १० लाख १७ हजार ९५ रहेको पनि मल्लको भनाइ छ।

'किनेको मान्छेले तिर्न नसकेपछि कानुनअनुसार जमानी बसेको मान्छेले तिर्नुपर्ने हुन्छ। मैले पैसा तिरिरहेको छु। धनी नबिल बैंक पोखरा शाखा हो भने ध्रुव थापा प्रोप्राइटर रहेको हिमालयन इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कन्स्ट्रक्शन प्रालि भन्ने रहेको छ। बा २ ख ३२८४ नंको फोर्स माइक्रो गाडी राजेश बोहराको नाममा ऋणी थियो', उनले भने, 'उसले नतिरे म तिरौंला भनेर नै जमानी बसेको हुँ। बोहोराले गाडी चलाउन नसकेपछि हिमालयन अटोले गाडी पनि लगेर त्यहीँ राखेको छ। यसबारेमा बल्ल थाहा पाएपछि मैले सबै पैसा दिएको छु।' नेपाली कांग्रेसको कोषाध्यक्षसमेत रहेका मल्लले आगामी १४औं अधिवेशनमा जिल्ला सभापतिको उम्मेदवारको तयारी गरेका छन्। जिल्ला सभापतिमा लड्ने कुरा गरिरहेको र बलियो दाबेदारसमेत रहेकाले आफूलाई यसबाट विफल पार्न यो अदालती प्रक्रिया अपनाइएको उनको गुनासो छ। 'फैसला भएको पनि मलाई त थाहा नै छैन। पहिले त्यो बारेमा थाहा भएको भए त तिरिदिन्थेँ', उनले भने, 'मैले कसैलाई एक रुपैयाँ ठगेको र खाएको छैन, यो १० लाख तिर्नु पनि ठूलो कुरा थिएन। उनीहरूले समयमा नै मलाई भनेको भए तिरिन्थ्यो। कसरी हुन्छ बेइज्जत गराउने उद्देश्यले भएको हो जस्तो मलाई लाग्छ।'

हिमालयन अटोका प्रोप्राइटर ध्रुव बहादुर थापाले आफूले पाउनुपर्ने रकम सबै आएपछि अदालतमा पुगेर पैसा बुझिलिएको कागज गरिसकेको र यो मुद्दा सकिएको बताए। 'उनले साथीको लागि गाडी निकालिदिएका हुन्, उनी आफैंले लगेका पनि होइनन्। जमानी बसेका कारण यो अवस्था आएको हो,' उनले भने, 'पैसा पहिले नै तिरेको भए यो अवस्था आउने थिएन। यो मुद्दाका सबै प्रक्रियाहरू 'डिसमिस' भएको उनको भनाइ छ।

## हजरत हुसैनको सम्झना गरिँदै



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ३ भदौ

इस्लामिक क्यालेन्डर अनुसार मुहर्रम हिजरी संवतको पहिलो महिना हो। यो महिना पैगम्बर मुहम्मदको नाती इमाम हुसेन शहीदको सम्झनामा मनाउने गरिन्छ।

इस्लाम धर्ममा विश्वास गर्नेहरुको यो एक प्रमुख चाड हो। यो महिना मुस्लिम धर्मवलम्बीहरुको लागि धेरै विशेषता र महत्व बोकेको छ। यस महिनामध्ये दस दिन इमाम हुसेनको शोकको रुपमा मनाईन्छ। सन् ६० हिजरीमा तत्कालिन शासक याजीद इस्लाम धर्मको सम्राट बन्न चाहन्थे। जसको लागि उनले मानिसहरुमा डर फैलाउन थाले। उनले सबैलाई दास बनाउनको लागि यातना दिए। याजीद सम्पूर्ण अरब आफ्नो नियन्त्रणमा लिन चाहन्थे। तर आफ्नो तानाशाह, हजरत मुहम्मदको वारिस इमाम हुसेनको अगाडी र उनका भाइहरु घुँडा टेकेनन्। भयंकर लडाईंमा शुरु भयो। मुहर्मको दशौँ दिन हुसेनसहित करिब ७२ जनाले साहदत प्राप्त गरेका थिए। साहस र बलिदानको सम्झना महशुस गर्नको लागी मुस्लिम धर्मावलम्बिहरुले ताजीया बनाई शहीदहरुलाई श्रद्धाञ्जलीको रुपमा मुहर्रमको ११ औं दिन निकाल्ने गरिन्छ।

## स्रोत नखुलेको भारतीय रुपैयाँसहित दुई पक्राउ



**इसत्याक अहमद/ मध्यान्ह**
रौतहट, ३ भदौ

रौतहटबाट प्रहरीले स्रोत नखुलेको भारतीय मुद्रासहित दुईजनालाई पक्राउ गरेको छ।

रौतहटस्थित नेपाल-भारत सीमाबाट नेपाल आउँदै गरेको बा.३९प १६९१ नम्बरको मोटरसाइकल चोकजाँच गर्ने क्रममा स्रोत नखुलेको एक लाख ८३ हजार पाँच सय भारतीय रुपैयाँसहित दुईजनालाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ पर्नेहरूमा रौतहटको गौर नगरपालिका- ४ टिकुलिया बस्ने करिब ३० वर्षीय सुखाडी सहनी र सोही नगरपालिका वडा नं. १ जयनगर बस्ने करिब ३५ वर्षीय अनिल भन्ने विकास साह रहेका छन्। सीमा प्रहरी चौकी बञ्जराका अनुसार उनीहरूलाई थप कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बारा पठाइएको छ।

# पाटेश्वरी आधारभूत विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा पुनः वर्मा

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ३ भदौ

बाँकेको नेपालगन्ज उपमहानगरपालिका वडा नं.१८ भुजइगाउँस्थित पाटेश्वरी आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ।

अभिभावकहरुको भेलाले नेपालगन्ज उपमहानगरपालिका नगर शिक्षा ऐन २०७६ को दफा १ बमोजिमका अभिभावकहरुमध्ये २ जना महिला सदस्यमा सायरा अन्सारी, अनिता क्षेत्री र २ जना पुरुषमा राम नरेश ठाकुर, बिनोद कुमार ठाकुरलाई चयन गरेको छ।

विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य राम नरेश नाउँको अध्यक्षतामा नेपालगन्ज उपमहानगरपालिका नगर शिक्षा ऐन २०७६ को दफा १९ (ख) बमोजिमका माधवराम वर्मा र ओम कुमारी थापालाई सदस्यमा मनोनित गरिएको थियो। जेष्ठ सदस्य ओम कुमारी थापाको अध्यक्षतामा बसेको



बैठकले सो विद्यालयबाट छनौट र मनोनयन गरिएको सदस्यहरुको नामावली अध्यक्षका लागि र वडा कार्यालयको तर्फबाट सदस्य प्रतिनिधिको रुपबाट नेपालगन्ज उपमहानगरपालिका वडा नं. १८ वडा कार्यालयमा पठाइएको थियो।

वडा नं.१८ ले नगर शिक्षा ऐन २०७६ को दफा १९ १ ख बमोजिम मनोनयन गरिएका सदस्यहरुमध्ये विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा माधवराम वर्मा र वडा प्रतिनिधि सदस्यमा कृष्णवती चमार छनौट गरी पठाइएको छ।

यसरी सो विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा समाजसेवी तथा जग्गादाता माधवराम वर्मा छैठो पटक चयन भएका हुन्।

सदस्यहरुमा राम नरेश नाउँ, बिनोद कुमार ठाकुर, सायरा अन्सारी, अनिता क्षेत्री, ओम कुमारी थापा, कृष्णवती चमार, शिक्षक प्रतिनिधिमा शिक्षिका सीता देवी उप्रेती र सदस्य सचिवमा सोही विद्यालयकी प्रधानाध्यापक भृकुटी तारा शाही रहेका छन्।

सो अभिभावक भेलामा विद्यालय व्यवस्थापन समितिका सल्लाहकार तथा साहू समाज समितिका अध्यक्ष हंशराम साहू, रण प्रसाद राना, पवन जायसवाल, बिद्यालयकी प्रधानाध्यापक भृकुटी तारा शाही, बिद्यालयका शिक्षक ओम प्रकाश त्रिपाठी, सीता उप्रेती, करुणा कुमारी सिंह, सुन कुमारी थापा, रुपा बिष्ट, सुष्मा केसी बिष्ट, उमा श्रीवास्तव, नोकी क्षेत्री लगायत सहभागिता ११२ जना रहेको थियो।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०४/२९ गते रामकोटबाट पार्किङ्ग गरेको अवस्थामा बागमती प्रदेश ०२-०२७ प ८५१६ नम्बरको रातो/कालो रंगको पल्सर १५० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

सवारी धनीः मोहन भट्टराई
ठेगानाः सामाखुसी, काठमाडौं
ईन्जीन नं: DHYRMM-50999
च्यासिस नं: MD2A11CY5MPM-79046
सम्पर्कः ९८४१६२५३६९

## उल्टो...

यस्तो कदम चालेका थिए। फेरि ओली सरकारले पनि संघीयता कार्यान्वयनमा महत्वपूर्ण भूमिका राख्ने प्रदेश प्रमुखको गरिमा राख्न सकेनन्। अहिले तिनै प्रवृत्ति नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा गठबन्धन सरकारले दोहोर्‍याएको छ।

प्रदेश प्रमुखमा मात्रै नभएर वर्तमान सरकारले अरु पनि गलत प्रवृत्ति समेत पुनरावृत्ति गरेका छन्। जस्तो- दल विभाजन सम्बन्धी अध्यादेश। ओली सरकारले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर तत्कालीन समाजवादी पार्टी, नेपाल विभाजनको प्रयास गरेका थिए। त्यसबेला पार्टी र संसदीय दलमा ४०/४० प्रतिशत नभए विभाजन हुन नसक्ने प्रावधान हटाएर पार्टी वा संसदीय दल भन्ने व्यवस्था सहित अध्यादेश ल्याएका थिए।

अहिले त्यो भन्दा पनि खराब प्रावधान सहित अध्यादेश ल्याइयो। पार्टी र संसदीय दलमा २० प्रतिशत भएपनि दल विभाजन गराउन सकिने प्रावधान ल्याएर एमाले र जसपा विभाजित गराइएको छ। झट्ट हेर्दा वर्तमान सरकार ओलीले गरेका सवै गलत निर्णयलाई निरन्तरता दिन तयार रहेको देखिन्छ।

आफू निकटलाई नियुक्त गर्ने प्रवृत्ति त प्रधानमन्त्री देउवा सहित गठबन्धनका नेताहरुले संकेत दिइसकेका छन्। राजनीति भन्दा धेरै व्यावसायमा आवद्ध रहेका व्यक्तिलाई देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे भने माधव नेपालका स्वकीय सचिव रहेका शर्मालाई बिहीबार बागमती प्रदेशका प्रदेश प्रमुखमा सिफारिस गरिएको छ।



निषेधाज्ञाको अन्यौलतासँगै काम नपाएर काठमाडौं महाराजगञ्जको रोहिनी सदनको पेटिमा सुतिरहेका मजदुर (भरिया)।
*तस्बिरः दिपेन्द्र श्रेष्ठ/मध्यान्ह*

# मोहर्रम पर्वको अवसरमा शुभकामना आदान प्रदान

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ३ भदौ

कपिलवस्तुको कृष्णानगर नगरपालिका वडा नं. १ उद्योग वाणिज्य संघ कृष्णानगरको सभाहालमा इस्लामिक नयां वर्ष मोहर्रमको अवसरमा शुभकामना आदान प्रदान तथा भेटघाट कार्यक्रम सम्पन्न भएको छ। जिल्ला प्रशासन कार्यलय कपिलवस्तु तथा जिल्ला प्रहरी कार्यलयको संयुक्त आयोजना तथा इलाका प्रहरी कार्यलय कृष्णनगरको सहकार्यमा उक्त कार्यक्रम भएको हो।




कार्यक्रममा प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेयको अध्यक्षता तथा प्रमुख अतिथी जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरिक्षक दान बहादुर कार्की, विजयनगर गाउँपालिका अध्यक्ष गोपाल थापा, विशिष्ट अतिथिमा कृष्णानगर न.पा. प्रमुख रजत प्रताप शाह, अतिथीमा लुम्बिनी प्रदेश मदरसा बोर्ड उपाध्यक्ष मौलाना मशहूद खां नेपाली, राष्ट्रिय मुस्लिम मदरसा संगठन नेपालका संरक्षक अकरम पठान, नेपाल मुस्लिम संघ केन्द्रीय उपाध्यक्ष अकिल मियां, मदरसा अहले सुन्नत फैजेमुस्तफा अतिकीया प्रतिनिधि मिर्जा राशिद बेग, नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय सदस्य जमशेर अली, राष्ट्रीय मदरसा संघ नेपाल राष्ट्रीय अध्यक्ष डा.अब्दुल गनी अलकुफी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष थापाले उर्दु क्यालेन्डरका अनुसार १४४३ हिजरी नयाँ वर्षको उपस्थित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै सबैले एक आपसमा धार्मिक सहिष्णुता कायम गरी कोभिड-१९ को संक्रमण फैलिरहेको अवस्थामा स्वास्थ्यको ख्याल राख्दै पर्व मनाउन आग्रह गरे। विशिष्ट अतिथि नगरप्रमुख शाहले मोहर्रम पर्वको शुभकामना दिँदै सावधानीपूर्वक पर्व मनाउना आग्रह गरे। उनले नागरिकता बनाउन जाँदा खासगरि दक्षिणका जनताहरुले दुःख पाउँदै आएको गुनासो प्रमुख जिल्ला अधिकारीसँग पोखे। नागरिकता बनाउन गएको मान्छे वडाबाट सिफारिस लिई शतप्रतिशत कागजहरु लिएर जाँदा पनि सरजमिन तोकेर दुःख दिने काम भइरहेको शाहले बताए। लुम्बिनी प्रदेश मदरसा बोर्डका उपाध्यक्ष नेपालीले १४४३ हिजरी नयाँ वर्षको शुभकामना दिँदै सबै धर्मप्रति सबैले सम्मान गर्नुपर्ने बताए। उनले प्रत्येक जनतालाई आफ्नो सुरक्षाको ग्यारेन्टी रहेको र मातृ भाषामा शिक्षा पाउने हकसमेत संविधानले दिएको बताए। उनले नजिल्ला प्रहरी कार्यलयका प्रहरी उपरीक्षक दान बहादुर कार्की आएको दिनदेखि आपराधिक घटनामा फरार रहेकालाई पक्राउ पार्न सफल भएको कार्य सर्हानीय रहेको बताए।

उपाध्यक्ष नेपाली तथा राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रीय अध्यक्ष डा अब्दुल गनी अलकुफी उपाध्यक्ष शैख जैस मक्की लगायत संघका टोलीले नयाँ आएका उपरीक्षक दान बहादुर कार्की, प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय अनुसन्धानका उपरीक्षक, प्रमुख अतिथी, विशिष्ट अतिथीहरुलाई दोसल्ला ओढाइ स्वागत तथा सम्मानित गर्दै जमियत अलहेराको तर्फबाट नेपालीमा अनुवाद भएको पवित्र पुस्तक कुरान शरिफ हस्तान्तरण गरेका थिए। राष्ट्रिय मुस्लिम मदरसा संगठन नेपालका संरक्षक अकरम पठानसहितको टोलीले समेत अतिथिहरूलाई दोस्लला ओढाई सम्मान गरेका थिए ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मदरसा संगठन नेपालका संरक्षक पठानले मोहर्रम मुस्लिम धर्महरुका साथ साथै अन्य धर्म समेतले यो पर्व मनाउने गरेको स्मरण गर्दै नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पाल्ना गरी पर्व मनाउन आग्रह गरे। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक कार्कीले कोभिड-१९ (कोराना भाइरस) बाट बच्न मास्क अभियान सञ्चालनमा रहेको बताए। उनले नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाई आ-आफ्नो पर्व मनाउन आग्रह गर्दै आफुहरु जनताको सेवक रहेको बताए। उक्त कार्यक्रमका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी पाण्डेयले मोहर्रम पर्वको शुभकामना दिँदै कोभिड-१९ बाट सबै सचेत हुनुपर्ने आवश्यकता रहेको बताए। उनले यो महामारीबाट लड्न सबैले आ-आफ्नो स्तरबाट लाग्नु पर्ने जिकिर गर्दै कार्यक्रम समापन भएको घोषणा समेत गरे। कार्यक्रमका संचालक प्रहरी निरीक्षक जगरनाथ मरासिनी रहेका थिए।

# नाइट्रिक अक्साइडको नेपालमा परीक्षण गरिने

**काठमाडौं/मस–** नेपालमा कोभिड उपचारमा प्रयोग हुने नाइट्रिक अक्साइडको परीक्षण हुने भएको छ। अमेरिकी वैज्ञानिक डा.नाथन एस ब्रायनसहितको टोली विकास गरेको कोभिड-१९ विरुद्धको औषधिको हाल अमेरिकामा तेश्रो फेजको परीक्षण चलिरहेको छ।

नेपालमा भने नाइट्रिक अक्साइडको परीक्षण नर्भिक इन्टरनेशनल अस्पतालले गर्ने भएको छ। अस्पतालले बिहीबार एक कार्यक्रम गर्दै उक्त कुराको जानकारी दिएको हो। अमेरिकी टेक्सस राज्यका पूर्व सिनेटर ड्यान शैलीले वसन्त चौधरी फाउण्डेसन र नर्भिक इनिसिएटिभ्स फर न्यूट्रीसन एण्ड हेल्थको पहलमा नाइट्रिक अक्साइडको डाइटरी सप्लिमेन्ट नेपाल ल्याइने भएको हो। अमेरिकी पूर्व सिनेटर ड्यान शेलीले नेपालमा करिब ७ लाख ५० हजार अमेरिकी डलर मूल्य बराबरको १० हजार वोटल नाइट्रिक अक्साइड उपलब्ध गराउने प्रतिबद्धता जनाएको नर्भिक इन्टरनेशनल अस्पतालका अध्यक्ष वसन्त कुमार चौधरीले जानकारी दिएका छन्। नाइट्रिक अक्साइडका खोजकर्ता तथा डाक्टर न्याथन एस ब्रायनले नाइट्रिक अक्साइड प्राकृतिक रुपमा शरीरभित्र उत्पादन हुने र शरीरलाई चाहिने एक महत्वपूर्ण पदार्थ रहेको बताएका छन्।

डाक्टर ब्रायनले भने, यस पदार्थले रक्तचापको व्यवस्थापनका साथै शरीरको अक्सिजन स्याचुरेशन व्यवस्थापन गर्न समेत मद्दत गर्छ, यसका साथै नाइट्रिक अक्साइडले इन्फ्लेमेसन घटाउने तथा कोरोना भाइरससहितका अन्य इन्फेक्सनविरुद्ध लड्ने प्रतिरोधात्मक भूमिकाको कार्य समेत गर्छ। अमेरिकामा १० वर्षदेखि बजारमा उपलब्ध नाट्रिक अक्साइडको डाइटरी सप्लीमेन्टको प्रयोगले कोभिड १९ का बिरामीहरूमा सकारात्मक प्रभाव पारेको पाइएको डा. ब्रायनले बताएका छन्। उक्त डाइटरी सप्लीमेन्ट संक्रमण भएको ७० घण्टाभित्र चुसेर सेवन गरेर दैनिक २ पटक सेवन गर्न थालेपछि यसले शरीरमा घटेको अक्सिजनको मात्रा बढाउने डा ब्रायनको भनाइ छ। डाइटरी सप्लिमेन्ट सुरुका दिनमा २० हजार जनसंख्याको लागि निशुल्क प्रदान गरिने नर्भिक इन्टरनेशनल अस्पतालका प्रवन्ध निर्देशक राजेन्द्र बहादुर सिंहले हाम्रो डाक्टर न्युजलाई जानकारी दिए। साथै नर्भिक अस्पतालले पछि पनि निरन्तर सहज रुपमा उक्त मेडिसिन उपलब्ध गराउने सिंहले बताएका छन्। कार्यक्रममा अमेरिकी वैज्ञानिक डा नाथन एस ब्रायन,अमेरिकी पूर्व सिनेटर ड्यान शेली,नर्भिक इन्टरनेशनल अस्पतालका अध्यक्ष वसन्त कुमार चौधरी,पारस शाक्य राज बहादुर सिंह लगाएतको उपस्थिति रहेको थियो।


## साउदीमा रोजगार

**१. कम्पनीः KABISA FOUNDATION TO PROVIDE MEALS** — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/०४ चलानी नं.: ६०१६१६२७ L.T. No.: 242626

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | restaurant labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनीः MUNIRA AL THUBAITI TRANSPORT** — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/२७ चलानी नं.: ६०१६१३९६ L.T. No.: 243829

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनीः ASHWAQ SALMAN MUHAMMAD AL-SHANBEH FOUNDATION FOR SERVING MEALS** — शहरः Dammam
पुर्व स्वीकृत मितिः २०७८/०४/०४ चलानी नं.: ६०१६०३३६ L.T. No.: 242630 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plasterer | 2 | 0 | | 1200 | ३७,९०८ | | | | | | | |

**४. कम्पनीः FOOD DIRECTION COMPANY TO PROVIDE MEALS** — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०३/१६ चलानी नं.: ६०१५९५४४ L.T. No.: 241769 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL LABOR | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**५. कम्पनीः DEVELOPMENT AND COMPLETION OF TRADING COMPANY IS ONE PERSON COMPANY** — शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०४/०४ चलानी नं.: ६०१६०३३८ L.T. No.: 242651

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Labor | 2 | 0 | | 1000 | ३१,५९० | | | | | | | |

**६. कम्पनीः ABDULLAH RASHID AL HAJRI GENERAL CONTRACTING ESTABLISHMENT** — शहरः KHUR AL ZIYABA
पुर्व स्वीकृत मितिः २०७८/०१/१३ चलानी नं.: ६०१५८००५ L.T. No.: 239851 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 34 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**७. कम्पनीः FOUNDATION PROGRESS FOR GENERAL CONTRACTING SAUD ABED AL-RASHIDI** — शहरः Hail
पुर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६८५ L.T. No.: 244013

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PUBLIC CAR DRIVER | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**८. कम्पनीः KANAN AL-WAFA TRADING CORPORATION** — शहरः Al Khobar
पुर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६८४ L.T. No.: 244138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging And Wrapping Worker | 1 | 0 | | 1000 | ३१,५९० | | | | | | | |

**९. कम्पनीः BERRY DAY TRADING CORPORATION** — शहरः Hail
पुर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६८७ L.T. No.: 243998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Ice Cream Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**१०. कम्पनीः VALLEY FOOD TRADING COMPANY** — शहरः Dammam
पुर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६८६ L.T. No.: 244005

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ११ गते (27 August 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | क्षमता | उत्पकिो मूलक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Kitchen Chimney | इलेक्टिकल | Moonlight | M200 | 180 Watt | चीन | पिस | १०,००० | १०,००० | |
| २ | Kitchen Chimney | इलेक्टिकल | Moonlight | M201 | 180 Watt | चीन | पिस | ११,००० | ११,००० | |
| ३ | Kitchen Chimney | इलेक्टिकल | Moonlight | M202 | 180 Watt | चीन | पिस | ११,००० | ११,००० | |

**इन्द्रेणी इनर्जी प्रा. लि.**
कोटेश्वर, काठमाडौं, फोन : ०१-५१४७१५५, एक्जिम कोड : ६०४२९३५६५०१४८NP



**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Rukum (Purba), Nepal**

## LETTER OF INTENT (LOI)

**Date of publication: 2078/05/04 (20th August, 2021)**

This is notify (as per section 27(2& 3) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts published on Nagarik National Daily on 2078/02/11 (May 25, 2021), to following Bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name of Project | Substantially responsive lowest evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | RIDO/RUK/W/NCB/NATHIGADH/KHOLA/BRI/02/077-78 | Nathigadh Khola RCC Bridge along Dhape-Nathigadh-Dhaunne Road, Rukum (East) District. | M/S Dhulikhel-Sisne himal JV, Baneshwor, Kathmandu. | 2,46,29,267.20 |
| 2 | RIDO/RUK/W/NCB/THAWANGKHOLA/BRI/03/077-78 | Thawang Khola RCC Bridge along Chunwang-Mahat Road, Rukum (East) District. | M/S Puspanjali-P.S.-Surat JV, Naubasta -08, Banke. | 3,49,04,050.57 |

*Office chief (Engineer)*

## सम्पादकीय

### प्रणाली मिच्ने होड

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सभामुख अग्निप्रसाद सापकोटाप्रति कडा आक्रोश पोखेका छन् । एमाले विभाजन पछि पहिलो सार्वजनिक सम्बोधनका क्रममा ओली सभामुख सापकोटा विरूद्ध खनिए । ओलीले सभामुख सापकोटालाई नेकपा माओवादी केन्द्रको कार्यकर्ताको भूमिकामा रहेको आरोप समेत लगाए । 'सभामुख जस्तो भूमिका निर्वाह नगर्ने हो भने पदबाट राजीनामा दिन पनि' ओलीले चेतावनी दिए । आफूले कारबाही गरेका १४ सांसदलाई पदमुक्त नगरिएको आक्रोश ओलीले पाखेका थिए । सभामुख सापकोटाले प्रचलन विपरीत एमालेले कारबाही गरेका सांसदहरूलाई पदमुक्त नगरेको ओलीको आरोप थियो । ओलीले माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गर्ने निर्णय संसद् सचिवालयमा पठाएका छन् । तर तीन दिन भइसक्दा पनि सभामुख सापकोटाले प्रक्रिया अगाडि नबढाएकोमा ओली आक्रोशित बनेका हुन् ।

एमाले विभाजनको नजिक पुगेका बेला ओलीले माधव नेपाल सहित नेतालाई पदमुक्त गर्ने निर्णय गरेपनि संसद् सचिवालयमा त्यो निर्णय अड्किएको छ । एमाले विभाजित भइसकेकाले अध्यक्ष ओलीको यो आक्रोश राजनीतिक हो । तर सँगसँगै सभामुख सापकोटाले आफ्नो भूमिका निर्वाह नगरेको र आफ्नै दल नेकपा माओवादी केन्द्रको पोजिसनबाट प्रभावित बनेको पनि उत्तिकै राजनीतिक तथ्य हो । किनकि एमाले विभाजन गरी माधवकुमार नेपालसँग सत्ता साझेदार बन्नु माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको उद्देश्य देखिन्छ । सभामुख सापकोटा पनि माओवादी केन्द्रकै उम्मेद्वारका रूपमा सभामुख बनेकाले एमालेको निर्णयप्रति राजनीतिक पूर्वाग्रह राखेको प्रष्ट झल्कन्छ । किनकि कुनै दलले आफ्नो सांसदहरूलाई पदमुक्त गर्न सक्ने अधिकार छ । यदि त्यो कारबाही अवैधानिक भए निर्णय उल्ट्याउने अधिकार अदालतलाई छ । यसको अर्थ सभामुख सापकोटाले आफ्नो भूमिका भुलेको प्रष्ट हो ।

यो तथ्य यहाँ उल्लेख गर्नु किन पनि सान्दर्भिक छ भने पछिल्लो राजनीतिक कोर्समा सत्तासीनहरूले प्रणाली मिच्नुलाई सामान्य मान्न थालेका छन् । ओलीले प्रधानमन्त्रीका रूपमा जे-जस्ता संविधान र प्रणाली मिच्ने काम गरे, प्रधानमन्त्री शेरबहादुर देउवाले अहिले त्यही पुनरावृत्ति गरेका छन् । अध्यादेश ल्याएर एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजित गरिसकेका छन् । संसद् अधिवेशन अन्त्यको तात्पर्य पनि दल विभाजन गराउनु नै थियो, जुन उद्देश्यमा सरकार अगाडि बढेको छ । अर्थात् दलहरू बीच आफू शक्तिमा आसिन रहन संविधान र प्रणाली भने कमजोर बनाउने होड नै चलेको छ । जसले मुलुक, समाज र विधान शास्त्र भने कमजोर बन्दै गएको छ ।

## सामाजिक सञ्जाल



अष्टलक्ष्मी, घनश्याम, रावल, सुरेन्द्र, भीम, रघु, गोकर्ण, युवराज र योगेश सिद्धान्त, नीति र नैतिकताका मन्त्र जप्दै ओली प्रवृत्तिविरूद्ध गर्जन गर्दै थिए, आखिरमा ओलीकै चरणमा शरण परेर माधवलाई जघन्य धोका दिए । यिनको मार्क्सवाद-लेनिनवाद त गाँठे व्यक्तिवाद र अवसरवाद पो रहेछ । भसक्कै नाङ्गियो त !

- खगेन्द्र संग्रौला



शत प्रतिशतको नेता बन्न छाडेर २० प्रतिशतको नेता बन्ने छनोटप्रति धेरै भन्नु केही छैन । तर, यति चाहिँ भन्नैपर्छ- हिङ नै भएको ठाउँमा हिङ बाँधेको टालोको कुनै प्रयोजन हुँदैन । व्यक्ति विशेषको अहम्को र अतृप्त आकांक्षाको आगोमा निर्दोष र लामो भविष्य भएका कार्यकर्ताको होम नगरियोस् ।

- विष्णु रिजाल



रामचन्द्र पौडेलको देउवासँग कयौं बिमती छन् र बेलाबेलामा चर्काचर्की पनि हुने गर्दछ । तर पनि उनले पार्टीलाई कहिले घात गरेनन् । माधवले ओलिसँगको रिसले गर्दा रूख छापमा भोट बुझाउने र पार्टी नै फुटाउने जस्तो घृणित कदम चाले । जुन कलंकको रूपमा स्थापित रहिरहने छ ।

- शैलेन्द्र थापा



परमादेशको सरकारले घोक्राएर निकाल्नुभन्दा ससम्मान आफैं निस्कन राजनीतिक नियुक्ति पाउनु भएका एमालेका नेतालाई अनुरोध छ । बा फेरी आउने छन् । नियुक्त फेरी पाउनु होला । कृपया तपाईंलाई घोक्राउदा हाम्रो चित्त दुख्छ । धेरै लोभ नगर्नुस्, खुरूक्क राजिनामा दिएर एमालेको संगठन बिस्तारमा जोड दिनुहोस् ।

- प्रदिप भट्टराई



अध्यादेश गलत छ तर, हिजो दल विभाजनसम्बन्धी अध्यादेश ठीक भन्ने एमालेका झुण्डहरूले आज विरोध गरेको चाहिँ पटक्कै सुहाउँदैन । अर्को कुरा आफ्ना दलका मान्छे मिलाएर राख्न सक्ने र आफ्नै पार्टीका मान्छेसँग विश्वास गर्नेलाई त यो २० प्रतिशत वाला प्रावधानले के असर गर्छ र ?

- शर्मिला आचार्य

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# अपहेलित पैदल र साइकलयात्री

काठमाडौंमा जन्मेका बच्चाको जीवनको न्यूनतम १० प्रतिशत समय त यहाँको जाममा बित्छ होला ! सरकारले साइकलको लागि बेग्लै लेन र पदमार्ग नै नभएको सडक र समाज निर्माण गरेर कस्तो 'सुखी नेपाली समृद्ध नेपाल' बनाउन खोजेको हो ?



● निष्णु थिङ

पैदलयात्रा मानव, समाज, प्रकृति र पर्यावरणमैत्री हुन् । यो प्रदुषणरहित भएको हुनाले यात्राको लागि उपयुक्त विकल्प हुन् । पैदलयात्रा आफैंमा स्वास्थ्यको दृष्टिकोणले पनि लाभदायक छ । विभिन्न रोग लागेका रोगीहरुलाई चिकित्सकले दिने पहिलो सल्लाह नै बिहान-बेलुका हिड्डुल गर्नु, सकेसम्म पैदलै हिड्नु । मधुमेह, वाथ, नशालगायतका अधिकाशं रोगीहरुलाई चिकित्सकले दिने सल्लाह नै यहि हुन् ।

पैदलयात्राको बहुल लाभहरु हुँदा-हुँदा पनि यो हाम्रो समाज, सरकारको कहिल्यै पनि प्राथमिकताको विषय बन्न सकेन । विश्वका ठूला-ठूला सहरमा त पैदल र साइकल यात्रालाई उपयुक्त विकल्प मानिन्छ । त्यसैले छोटो छोटो दूरी आधा, एकघण्टा लाग्ने गन्तव्यको लागि त पैदल हिड्नु र साइकल यात्रा जतिको बहुउपयोगी केही छैन । काठमाडौंजस्तो उपत्यकामा त पैदल र साइकलयात्रा जति उपयुक्त अरु केही छैन । उपत्यकामा पैदलयात्रा किन पनि उपयुक्त छ भने यहाँको हावापानी, मौसम अनुकुल छ । न धेरै गर्मी हुने न चिसो हुने, मध्यमखालको मौसम र हावापानी पैदल र साइकल यात्राको लागि सबैभन्दा उचित हुने भएकोले काठमाडौं सहर यसको सम्भाव्य विश्वकै एउटा नमूना बन्नलायक प्राकृतिक पूर्वाधारहरुले भरिपूर्ण राजधानी हो । पैदल र साइकलयात्रा धेरै गर्मी र चिसो हुने दुवै ठाँउमा त्यति उपयुक्त मानिदैन । तापक्रम, हावापानी र मौसमसहित यहाँ भएका सांस्कृतिक, धार्मिक र पर्यटकीय स्थलहरुको उपलब्धताले पनि उपत्यकाका तीन प्राचीन सहरहरु पैदल र साइकलयात्राको लागि उपयुक्त गन्तव्य बन्न सक्थ्यो ।

## गाडी मोह र विलासिता

नेपालका शासकहरुको गाडी मोह उहिले जङ्गबहादुरको पालादेखि अहिलेसम्म अलिकति पनि घटेको छैन, बरु बढ्दो छ । जङ्गबहादुरले बेलायतको भ्रमणका सिलसिलमा त्यहाँ गाडीहरु, चौडा-चौडा गाडीहरु गुड्ने बाटाहरु देखे र भारतमा अग्रेंजको उपनिवेशकालमा आफ्नो सुविधाको लागि रेल, रेलमार्ग, गाडी र बाटाहरु त यहाँका शासकहरुले देख्दै आएका थिए नै । बेलायतमा देखेको गाडी तुरुन्त नेपाल ल्याउन नसके पनि चढ्न मन लागेकोले उनी पछाडिका राणाहरुले मकवानपुर भीमफेदीसम्म बाटो बनाएर गाडीहरु कलकत्ता, रक्सौल, वीरगन्जहुँदै भीमफेदीसम्म जसोतसो ल्याएपछि त्यहाँका स्थानीय तामाङहरुलाई सित्तैमा काठमाडौंसम्म बोक्न उर्दी लगाएर उपत्यकामा भित्र ल्याए । उतिबेला दरवारमा पुगेको गाडी राणा प्रधानमन्त्रीको सौखिनको मात्र विषय भएन । ती गाडीहरु शान, शक्ति र शासकीय चरित्र प्रदर्शनको माध्यम भए ।

नेपालमा गाडी ठ्याक्कै कहिले भित्रियो, त्यसको यकिन इतिहास त स्पष्ट देखिदैन । गेहेन्द्र शमशेरले बोकाएर ल्याएको चर्चा सुनिन्छ । कतिपयको दावीअनुसार प्रधानमन्त्री वीर शमशेर जसले नेपालमा पहिलोपटक गाडी ल्याएर चढेका थिए । (स्रोतः कान्तिपथ डटकम मसिंर ११गते, २०७६) चन्द्र शमशेरको पालामा १९७८ सालमा बेलायतका राजकुमार एडवर्ड (पछि राजा एडवर्ड आठौं) शिकार खेल्न भारतबाट चितवन कसरा आउँदा नेपालमा पहिलो पटक मोटर प्रयोग भयो ।(स्रोतः चन्द्रकुमार हतुवाली, हिमालखबर डटकम, चैत्र १४, २०७१) काठमाडौंमा त्यसरी प्रवेश गरेका गाडीहरु अहिले लाखौं पुगेका छन् । त्रिभुवन राजपथ(२०१३) खुलेपछि काँधमा बोकाउनु आवश्यक भएन, गाडीहरु आफै दौडेर आए, तन्नेरीहरुको काँध चाहिएन । गाडीलाई आजको दिनमा पनि शक्ति, सम्पति र विलासिताको प्रतीकको रुपमा लिने गरिन्छ । समाजमा गाडी हुनेलाई मान, प्रतिष्ठा र सम्पतिको दृष्टिकोणले लिइने गरिन्छ । तिनै गाडीहरुको अनुसार उपत्यकाको बाटाहरुको इन्जिनियङि हुन थाले र सोही बमोजिम सडक र यातायात पूर्वाधारहरु निर्माण हुदै आएका छन् ।

## प्रदुषणरहित यात्रा

माथि नै उल्लेख गरियो कि पैदल र साइकलयात्रा आफैमा प्रदुषणरहित छ । यसले कार्बनडाइअक्साइड उत्पादन गर्दैन, धुँवा, धुलो र वातावरण दूषित बनाउने काम गर्दैन । यस्तो यात्राले स्वयम, समाज, प्रकृति र सिङ्गो विश्वलाई फाइदा पुऱ्याउँछ । गतवर्ष कोभिड-१९ को कारणले महिनौं बन्दाबन्दी हुदा आकाश, वातावरण कति स्वच्छ भएको थियो, त्यो हामीले प्रत्यक्ष देख्न पायौँ । विभिन्न खनिज तेलहरुको आवश्यक नपर्ने हुनाले यो यात्रा आफैमा मितव्ययी र पर्यावरणमैत्री पनि छ । यसखालको यात्रालाई राज्यले प्रवर्द्धन गर्नु पर्नेमा हाम्रा सडकहरु, यातायातका नीतिहरुले यसलाई कहिल्यै पनि प्रोत्साहन गरेको पाइदैन । समाजमा यस्तो मूल्यमान्यता निर्माण गरे कि पैदल हिँड्नु वा साइकलमा यात्रा गर्नु त गरिबीको पराकाष्ठाको रुपमा चित्रण गरियो । डेनमार्क लगायत स्क्यानडेभियन मुलुकका प्रधानमन्त्रीहरु आफ्ना कार्यालयमा जादा साइकल वा पैदलै गएका थुप्रै दृष्टान्तहरु छन् । हाम्रा त वडाध्यक्ष भएदेखि नै नयाँ गाडी किन्ने र चढ्ने होडबाजी छ । लाखौं, करोडौं पर्ने गाडीहरु किनेर त्यसलाई राम्रोसँग प्रयोग नगर्दै पुनः अर्को गाडी किन्नलाई राज्यस्रोतको दुरुपयोग हुदै आइरहेको छ । हाम्रो गाडी सपना अनावश्यक गाडीहरु थुपारेर भ्रष्टाचारको लागि गतिलो माध्यम बनेको छ ।

मदन घिमिरेको निर्देशन रहेको 'आँधी तूफान २'मा आरती आचार्य, सोनी बिसी, याङ्सु श्रेष्ठ शीर्ष भूमिकामा छन्। त्यस्तै, रवि गिरी, सुदीप आचार्य, कनिज कोइराला, अनामिका कार्की, संजय खतिवडा लगायतको फिल्ममा अभिनय छ। एक पात्रको हत्यापछि अनुसन्धानमा परिचालित तीन यूवतीको कथामा यो फिल्म निर्माण गरिएको छ। फिल्मको निर्मातामा चक्र घर्तीमगर छन्। रामशरण उप्रेतीको छायांकन रहेको फिल्ममा सुरेश अधिकारीको संगीत, कमल राईको नृत्य रहनेछ।

१६ वर्षअघि महेन्द्र बुढाथोकीको निर्देशनमा बनेको 'आँधी तूफान'लाई दर्शकले रुचाएका थिए। सोही चलचित्रको सिरिजको रुपमा निर्माण गरिएको 'आँधी तुफान २' लाई दर्शकले रुचाउनेमा निर्माणपक्ष विश्वस्त छ। कोरोना भाइरस संक्रमणको महामारी कम हुँदै स्थिति सहज भएपछि मात्र फिल्म रिलिज गर्ने निर्माण पक्षको तयारी रहेको छ।

## मनिषालाई कलाकार संघको मानार्थ सदस्यता

**काठमाडौं/मस–** बलिउडमा चलचित्रमा समेत राम्रो पहिचान बनाउन सफल अभिनेत्री मनिषा कोइरालालाई चलचित्र कलाकार संघले सदस्यता प्रदान गरेको छ। संघका अध्यक्ष रविन्द्र खड्काको अध्यक्षतामा साउन २८ गते बसेको बैठकले उनलाई मानार्थ सदस्यता प्रदान गरेको हो। ख्यातिप्राप्त अभिनेत्री तथा समाजसेवी भएकोले कोइरालालाई सदस्यता प्रदान गरिएको संघका उपाध्यक्ष तथा प्रवक्ता मोहन निरौलाले जानकारी दिए।



कोइरालासँगै चलचित्रकर्मी, समाजसेवी विष्णुगोपाल श्रेष्ठ निर्माता राजकुमार राईलाई समेत संघले मानार्थ सदस्य प्रदान गरेको छ। संघले गतवर्ष माननीय रामवीर मानन्धर, कोमल ओली, अशोकव्याजु श्रेष्ठ, वरिष्ठ चलचित्रकर्मी तिर्थ थापा, तत्कालीन बेलायतका लागि नेपालका राजदूत दुर्गाबहादुर सुवेदी (दुवसू)लाई मानार्थ सदस्य प्रदान गरेको थियो।

## युरोपियन युनियनले लैङ्गिक समानताबारे लघु चलचित्र प्रतियोगिता गर्दै

**काठमाडौं/मस–** नेपालस्थित युरोपियन युनियनको डेलिगेसनले लैङ्गिक समानताबारे लघु चलचित्र प्रतियोगिताको घोषणा गरेको छ। नेपाल युरोपियन युनियन फिल्म फेस्टिभल (नियुफ) को सहायक कार्यक्रमको रुपमा युरोपियन युनियनले दसौं संस्करणको प्रतियोगिता आयोजना गर्न लागेको हो। असोजको १ देखि ९ गतेसम्म नेपाल भर्चुअल रुपमा यो फेस्टिभलको आयोजना हुने बताइएको छ। प्रतियोगितामा लैङ्गिक समानताका विषयमा बनेका चलचित्रहरु प्रतियोगीको रुपमा सहभागी हुन पाउने युनियनले जानकारी दिएको छ। लैङ्गिक विभेद, लैङ्गिक समानताका फाइदा,




नेपालमा लैङ्गिक समानताको अवस्था आदि विषय उठाइएका चलचित्रलाई प्रतियोगितामा प्राथमिकता दिइने छ। लैङ्गिक समानताका विषयलाई छुने अन्य विविध बिषयमा निर्माण भएको चलचित्रलाई पनि प्रतियोगीतामा सहभागी गराइनेछ।

प्रतियोगितामा सहभागी हुने चलचित्रकर्मी नेपाली नागरिक हुनुपर्नेछ। साथै, चलचित्रको लम्बाई ४० मिनेट वा सो भन्दा कम हुनेपर्नेछ। प्रतियोगितामा सहभागी हुन चाहने चलचित्रकर्मीले सन् २०१८ पछि निर्माण गरेका चलचित्र मात्र सहभागी गराउन पाउनेछन्। नेपालमा बोलिने जुनसुकै भाषामा बनेका चलचित्र पनि यो महोत्सवमा सहभागी हुन पाउनेछन्।

प्रतियोगितामा सहभागी हुन चाहने चलचित्रकर्मीले आफ्नो चलचित्रलाई एमपी ४ फम्यार्टमा भदौ १५ गतेसम्म पठाइसक्नुपर्नेछ। प्रतियोगितामा उत्कृष्ट हुने चलचित्रले ५ सय यूरो पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ।

## फिल्ममा डेब्यू गर्दै शाहरुखकी छोरी सुहाना



**काठमाडौं/एजेन्सी–** बलिउड सुपरस्टार शाहरुख खानले आफ्नी छोरी सुहानालाई अभिनेत्री बन्न इच्छा रहेको बताउँदै आएका छन्। धेरै फिल्मबाट उनलाई प्रस्ताव आए पनि शाहरुखले अनुमति दिइसकेका छैनन्। यसैक्रममा, निर्देशक जोया अख्तरले सुहानालाई फिल्ममा डेब्यू गराउने तयारी थालेकी छन्। अहिले उनी इन्टरनेशनल कमिक बुक 'आर्ची' को इन्डियन एडेप्टेशनमाथि काम गरिरहेकी छन्।

नेटफ्लिक्सका लागि बनाउन लागेको फिल्म टिनएजको कथामा आधारित हुने जोयाको भनाई छ। यसका लागि उनी योङ एक्टर्स खोजिरहेकी छन्, जसले फिल्ममा साथीको भूमिका निभाउन सकोस्। अहिले फिल्मको कास्टिङमा काम भइरहेको छ तर मुख्य भूमिकामा शाहरुखकी छोरीमा जोयाको नजर अडिएको छ। उनी चाँडै शाहरुख र सुहानालाई स्क्रिप्ट सुनाउने तयारीमा छिन्।

सुहानाले २०१८ मा आएको 'द ग्रे पार्ट अफ ब्लू' नामक सर्ट फिल्ममा काम गरेकी थिइन्। अंग्रेजीमा निर्माण भएको १० मिनेटको यो फिल्ममा सुहानाको अभिनयलाई दर्शकले मन पराएका थिए। अब उनको फिचर फिल्ममा डेब्यूलाई लिएर उत्सुकता बढेको छ। उनी अहिले यूकेमा फिल्म मेकिङको कोर्स गरिरहेकी छिन्। कोर्स पूरा भएपछि उनी अभिनयमा आफ्नो करिअर बनाउँदैछिन्।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/०४

यस कम्पनीको मिति २०७८/०४/२७ मा सम्पन्न बार्षिक/विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **क्यापिटल इन्भेष्टमेन्ट एण्ड हाउजिङ्ग प्रा.लि. (प्रा.लि. नं. ६१८५६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जे. बि. डेभलपर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/०४

यस कम्पनीको मिति २०६८/०७/१७ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **पर्वत इङ्गलिस बोर्डिङ्ग स्कूल पर्वत प्रा.लि. (प्रा.लि. नं. ६५६७३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६८/११/०५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पर्वत न्यू एरा एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/११/०१ मा दर्ता भएको **प्रा.लि. नं. १६३५९३** को **आर. भट्टचन रियल स्टेट प्रा.लि.**को मिति २०७८/०५/०३ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com

### उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**उदयपुरगढी, उदयपुर**
**१ नं. प्रदेश, नेपाल**

### ढुंगा, गिट्टी, बालुवाको स्थानीय तह निकासी शुल्क संकलन ठेका बन्दोबस्ती सम्बन्धि १५ दिने E-bidding दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०५/०४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे, तथा वन क्षेत्र बाहेक ढंङ्गा, गिट्टी, बालुवाको निकासी संकलन गर्न प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधयेक, २०७७ को दफा ८ को अनुसूची ५ अनुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार तपशिल बमोजिमको खोला, नदी, नालाहरुबाट स्थानीय तह निकासी शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम् अंकमा नघट्ने गरी PPMO को वेवसाइट www.bolpatra.gov.np बाट Bid Document Download गरी १६औं दिनको १२:०० बजे भित्र E bidding मार्फत रीत पूर्वकको दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिएको छ।

**आय ठेक्काको विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको किसिम | IEE प्रतिवेदनका आधारमा उत्खनन गरिने खोलाहरु | उत्खनन गरिने वस्तु | उत्खनन गरिने वस्तुको आयतन (घ.फी.) | न्यूनतम ठेक्का रकम रू. (मु.अ. कर वाहेक) | प्रति क्यू. फिट दर रू. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | URM/IR/R/01-2078/079 | ढुंगा, गिट्टी र बालुवा निकासी शुल्क संकलन | तावा खोला वडा नं. १, २, ३ (उत्खनन् क्षेत्र लालहरी बगर तावा खोला, धमिले तावा खोला दोभान, घट्ट बगर, जरुवा बगर) | ढुंगा, गिट्टी, वालुवा | ६७९१४ | ४,०७,४८४।- | ६।- | १,०००।- | १५ औं दिन कार्यालय समयमा |
| २ | URM/IR/R/02-2078/079 | | पौवा खोला वडा नं. ६, उत्खनन् क्षेत्र (दोभान वडा नं. ६ अयिमोलो बगर वडा नं. ८, बजार तलको बगर वडा नं. ६)<br>बैजनाथ खोला वडा नं. ५, उत्खनन् क्षेत्र (जग्रोटार जाने छेउको बगर वडा नं. ६, गढी गा.पा. पुछारबगर वडा नं. ६, खड्कुलो बगर बैजनाथ खोला वडा नं. ६, वाके दह बैजनाथ खोला वडा नं. ६, मौवासी घाट वडा नं. ६, मौवासी बगर २ वडा नं. ६, माटे दोभान बैजनाथ खोला वडा नं. ५, बेलबोटे बगर वडा नं. ५, ८, बैजनाथ खोला बगर ठाडो खोला देखि मुलकुलो बीच वडा नं. ५, ८) | ढुंगा, गिट्टी, वालुवा | ३३२९०२.०८ | १९,९७,४१२।४८ | ६।- | १,०००।- | १५ औं दिन कार्यालय समयमा |

**नोटः यस सम्बन्धी विस्तृत जानकारीका लागि उदयपुरगढी गाँउपालिकाको website र कार्यालयमा सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं. ९८४५२३०८२७, ९८४४१९४८०१, ९८५२८३५२७८।**

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रतिवेदन बुधबार मात्रै बुझाइने

दीवस ढकाल/मध्यान्ह
काठमाडौं, ३ भदौ



एन्फा विवाद समाधान समितिले बुधवार मात्रै प्रतिवेदन बुझाउने भएको छ । एन्फा वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङ र प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीबीचको विवाद समाधानका लागि युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद वोर्ड सदस्य पुरेन्द्र विक्रम लाखेको नेतृत्वमा समिति गठन गरेको थियो ।

समितिले विवादमा संलग्न १४ जनासँग वयान लिएको थियो । तर, प्रतिवेदन वनाउन समय लागेकाले राखेप सदस्य सचिवलाई बुधबार बुझाउने छानविन समितिकी प्रवक्ता सुवर्ण केशरी श्रेष्ठले जानकारी दिइन् ।

शुक्रबारसम्म प्रतिवेदन तयार हुने पनि उनले बताइन् । प्रवक्ता श्रेष्ठले भनिन् ' आइतबार र सोमबार काठमाडौं उपत्यकामा सार्वजनिक विदा रहेको छ । मंगलबार समितिका सदस्यहरुले अध्ययन गरेपछि हस्ताक्षर गर्छौं र बुधबार सदस्य सचिव रमेशकुमार सिलवाललाई बुझाउँछौं ।' सदस्य सचिव सिलवाललाई प्रतिवेदन बुझाए पछि प्रतिवेदन सार्वजनिक गर्ने पनि उनले जानकारी दिइन् ।

बयानका क्रममा सबैले फुटबलको बिकासका लागि सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिएका छन् । एन्फा वरिष्ठ उपाध्यक्ष नेम्वाङका कारण काम गर्न अप्ठ्यारो भएकोले राजिनामा दिन जान लागेको अभिव्यक्ति प्रशिक्षक अब्दुल्लाहले सामाजिक सन्जालमा लेखेपछि विवाद सतहमा आएको थियो । दुवै पक्षले विवादको निष्पक्ष छानविनको माग गरेका थिए ।

# मच्छिन्द्र पिस प्वाइन्ट फुटबल एकेडेमीको सञ्चालक समिति गठन

**काठमाडौं/मस–** शहीद स्मारक ए डिभिजन लिग क्लब मच्छिन्द्रले एकेडेमीको सञ्चालनक समिति गठन गरेको छ ।



राजधानीको पिस प्वाइन्ट स्कूलसँग एकेडेमी सञ्चालनका लागि एन्फा, क्लब र स्कूलसँग यसअघि नै त्रिपक्षिय सम्झौता गरेको थियो ।

बैठकले पिस प्वाइन्टका प्रिन्सिपल इशु गुरुङको अध्यक्षतामा ९ सदस्यीय मच्छिन्द्र पिस प्वाइन्ट फुटबल एकेडेमी सञ्चालक समिति गठन गरेको हो ।

सदस्य सचिवको रुपमा शिरिष श्रेष्ठ रहेका छन् । यसैगरी सदस्यको रुपमा अरुणमान जोशी, उपेन्द्रमान सिंह, निर्मला लामा, पुकार थापा, सुनिल कपाली, नविन महर्जन, र गोविन्द कायस्थ रहेका छन् ।

एकेडेमीमा पहिलो बर्ष क्लब र स्कुल गरेर १४ जना खेलाडी हुनेछन् । जसमा उनीहरुले स्कुलमा प्रशिक्षणका साथै निशुल्क पढ्न पनि पाउने बताइएको छ ।

अर्को बर्ष त्यो संख्या बढाएर २१ पुऱ्याइने समितिले जनाएको छ । जसमा १४ जना क्लवको खेलाडी हुनेछन् । एफसी क्लब लाइसेन्सिङको प्रक्रिया अघि बढाएको मच्छिन्द्र क्लब हालै कम्पनी रजिष्ट्रारको कार्यालयमा पनि दर्ता भएको छ ।

## पारालोम्पिकमा पदक जिते नगद पुरस्कार



**काठमाडौं, मस–** मित्र राष्ट्र जापानको टोकियो सहरमा आयोजना हुने पारालोम्पिक २०२० मा सहभागी हुन जाने नेपाली पारा तेक्वान्दो टोलीलाई नेपाल लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेशले बिहीवार बिदाई गरेको छ । नेपाली काँग्रेस केन्द्रिय सदस्य एवं पूर्व मन्त्री समेत रहेका खेलकुद विभाग प्रमुख मोहन बस्नेतले टोलीलाई खेल पोशाक प्रदान गरेर प्रतियोगितामा सफलताको कामना गर्दै बिदाई गरे ।

नेपाली टोली तेक्वान्दोका सफल ब्यक्तित्व दीपक बिष्टको नेतृत्वमा शुक्रबार जापान प्रस्थान गर्ने कार्यक्रम रहेको छ । टोलीमा खेलाडी तर्फ पलेसा गोवर्धन र प्रशिक्षकमा कविराज नेगी लामा रहेका छन् ।

टोलीलाई शुभकामना प्रदान गर्ने क्रममा प्रमुख अतिथी बस्नेतले नेपाली काँग्रेस खेलाडीहरुको पक्षमा सदा अग्रस्थानमा रहने भन्दै पदक जितेर आएको खण्डमा खेलकुद विभागले न्यायोचित सम्मान गर्ने बताए ।

यस्तै नेपाल लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेश अध्यक्ष दीपक गुरुङ्गले टिमलाई सफलताको शुभकामना प्रदान गर्दै प्रत्येक चरणको खेल जित्दा नगद २० हजार प्रदान गर्ने र पदक प्राप्त गरेको खण्डमा कास्यलाई ५० हजार, रजतलाई १ लाख र स्वर्णलाई १ लाख ५० हजार प्रदान गर्ने घोषणा गरे । कार्यक्रममा नेपाल लोकतान्त्रीक खेलकुद संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# दशरथ रंगशालामा दर्शक प्रवेश गराउने तयारी

**काठमाडौं, मस–** साफ च्याम्पियनसिपको तयारीमा रहेको नेपाली राष्ट्रिय फुटबल टिमले यसै महिना दशरथ रंगशालामा दुई वटा मैत्रीपूर्ण खेल खेल्दै छ । नेपालले भदौ १७ र २० गते भारतसँग प्रतिस्पर्धा गर्ने छ । दुवै खेल फ्लडलाईटमा गराउने योजना एन्फाले बनाएको छ । अहिलेसम्म आधिकारिक रुपमा खेलको समय नआए पनि साँझ साँढे ५ बजेबाट खेल सुरु गराउने योजना एन्फाले बनाएको छ ।



एन्फाका महासचिव इन्द्रमान तुलाधरले अहिलका लागि भारत र नेपालको खेल साँझ साँढे ५ बजेबाट गराउने योजना रहेको बताए । साथै उनले खेलका दौरान कोरोनाको खोपको दुबै डोज लगाएका सिमित दर्शकलाई राख्ने भन्ने पहल भइरहेको बताए ।

तर त्यसका लागि अनुमति लिने प्रक्रिया भइरहेको भए पनि एकिन हुन नसकेको बताए । तर त्यसका लागि पहल भने भइरहेको बताए । साथै उनले मैत्रीपुर्ण खेलका लागि भारतको यू २३ टिम आउने कुरालाई पनि अस्विकार गरेका छन । भारतले सिनियर टिम नै पठाउने भनेको र यू २३ टिमको कुनै कुरा नभएको बताए । नेपालले घरेलु मैदानमा साफ च्याम्पियनसिप अगाडि दुई वटा मैत्रीपुर्ण खेल खेल्दैछ । जसमा पहिलो खेल सेप्टेम्बर दुई र दोस्रो खेल सेप्टेम्बर ५ मा हुनेछ ।

त्यसपछि नेपाली टिम साफका लागि माल्दिभ्स जाने योजना छ । साफ च्याम्पियनसिपका लागि नेपाली टिम अहिले पोखरामा प्रशिक्षणमा रहेको छ । ५० जनाको प्रारम्भिक सूचीबाट नेपाली टिम अहिले २८ जनामा झारिएको छ ।

साफमा नेपालले पहिलो खेल माल्दिभ्ससँग खेल्नेछ । त्यसपछि श्रीलंका, भारत र बंगलादेशसँग खेल्नेछ । यो पटकको साफमा ५ टिमको मात्र सहभागिता हुनेछ । पाकिस्तान फुटबल फिफाको प्रतिबन्धमा रहेको छ भने भुटानले कोभिडका कारण डिसेम्बरसम्म आफ्नो नागरिकलाई विदेशी भूमीमा जानमा रोक लगाएको छ ।

## नुवाकोट तेक्वान्दो संघका अध्यक्षमा सापकोटा

**नुवाकोट मस–** नुवाकोट तेक्वान्दो सङ्घको चौथो जिल्ला अधिवेशनले पत्रकार शरणउत्सुक सापकोटालाई अध्यक्षमा सर्वसम्मत चयन गर्दै बुधबार सम्पन्न भएको छ । सापकोटा नुवाकोट उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवं सञ्चार उद्यमी तथा सञ्चारकर्मी पनि हुन् ।

अधिवेशनबाट सङ्घका उपाध्यक्षमा रमेश श्रेष्ठ, सचिवमा शरण घले, कोषाध्यक्षमा रामचन्द्र तामाङ तथा सदस्यमा ध्रुवकुमार रावल, शिव श्रेष्ठ, बुद्धिबहादुर तामाङ, श्रीकृष्ण श्रेष्ठ र महेन्द्र थापा मगर निर्विरोध चयन भए ।

वाग्मती प्रदेश तेक्वान्दो सङ्घका उपाध्यक्ष एवं नुवाकोट तेक्वान्दो सङ्घका संरक्षक एवं पर्यटन व्यवसायी सुमन पाण्डेले निर्वाचित कार्यसमितिका पदाधिकारीलाई बुधबार शपथका साथ पदाधिकारीलाई प्रमाणपत्र वितरण गर्दै स्वस्थ्य नागरिक उत्पादनका लागि खेलकूद गतिविधि बढाउन राज्यले सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

नेपाल तेक्वान्दो सङ्घ वाग्मती प्रदेशका अध्यक्ष केशव पुरीले राष्ट्रिय अन्तरराष्ट्रिय खेलकूद प्रतियोगितामा नेपालको नाम राख्न र सबैभन्दा बढी पदक ल्याउन सफल तेक्वान्दो खेल र खेलाडीमा राज्यले लगानी गर्न नसक्नु दुर्भाग्य रहेको बताउँदै गाउँगाउँमा पालिकासँग समन्वय गरेर खेल गतिविधि अघि बढाउन कार्यसमितिलाई सुझाव दिए ।

प्रमुख प्रशिक्षक हरिहर पाण्डे, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष बुद्धिमान तामाङ, नुवाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष ताराबहादुर कार्की, नुवाकोट तेक्वान्दो सङ्घका संस्थापक अध्यक्ष धननारायण चित्रकार, निवर्तमान अध्यक्ष सुमन अधिकारीलगायतले तेक्वान्दो खेलले नुवाकोलाई चिनाएकामा गर्व गर्नुपर्ने बताए ।

सत्ताइस वर्षअघि जिल्लामा स्थापित सङ्घको जिल्ला अधिवेंशन सम्पन्न गर्न जिल्ला खेलकुद विकास समितिका सचिव सन्तोषी वैद्यका संयोजकत्वका गठित निर्वाचन समितिले गत साउन २८ गते निर्वाचन प्रक्रिया थालनी गरेर भदौ गते सम्पन्न गरेको थियो ।

# अगुएरोले १० नम्बर जर्सी नलगाउने

**काठमाडौं, एजेन्सी–** बार्सिलोनामा लिओनल मेस्सीले खेलाडीका रुपमा जुन कीर्तिमान बनाएका थिए । उनको जस्तो प्रदर्शन अर्को खेलाडीले दोहोराउन कठिन देखिन्छ । झन्डै २ दशक क्लबको बसाईमा मेस्सीले क्लबलाई र आफूलाई बेग्लै उचाईमा पुऱ्याए ।

जहाँ उनले जर्सी नं १० लगायर आफ्नो यात्राको अन्त्य गरेका थिए । त्यहि नम्बरको जर्सी क्लबमा लगाउन अन्य खेलाडीले भने आँट गरेको देखिन्न । मेस्सीले बनाएको त्यो उचाईका कारण उनले लगाएको जर्सी नम्बर लगाउन अन्य खेलाडीले हिच्किचाएको बुझ्न सकिन्छ । मेस्सीका नजिकका साथ रहेको अर्जेन्टिनी फरवार्ड सर्जियो अगुएरोले १० नम्बर जर्सी नलगाउने भएका छन् । उनले १९ नम्बर जर्सी लगाउने भएका छन् ।

१० नम्बर जर्सी कसैले लगाउँदै भन्ने प्रश्नमा बार्सिलोनाका रक्षक जेरार्ड पिकेले भनेका छन्, 'कसैले त्यो आट गरेका छैनन् । कसैले त लगाउनु पर्छ भन्ने हो । मैले अगुएरोलाई भनेको थिए । तर उनी त्यसमा पक्का हुन सकेनन् ।' अहिले समाजिक सञ्जालमार्फत अगुएरोले आफूले प्रयोग गर्ने जर्सी १९ सार्वजनिक गरेका छन् ।

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०४/२१ गते बालाजु देखि बाइपास सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सर्म्पक नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नामः पद्मा भट्टराई
सिम्बोल नं.: 17606337
रजिष्ट्रेशन नं.: 767624234
सर्म्पक नं.: 9843244866

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०५/०४

यस कम्पनीको मिति २०७८/०४/०४ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बि. एन. चौधरी स्पाइसेज एण्ड फुड्स इण्डष्ट्रिज प्रा.लि. (प्रा.लि. नं. १९६०३४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बि. एन. चौधरी ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**ज्ञानकुन्ज ईङ्गलिश बोर्डिङ्ग स्कुल बाग्लुङ प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **ज्ञानकुनज ईङ्गलिश बोर्डिङ्ग स्कुल बाग्लुङ प्रा.लि. (दर्ता नं.६८५१०/०६६/०६७)** को मिति २०७८/०४/०१ गते बसेको विशेष साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा सप्रमाण यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटरः तेजप्रसाद खराल, इजाजत पत्र नं. ४१५**
**फोन नं. ९८५१०१९५२८,** E-mail : semmantamani@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१०/१३ मा दर्ता भएको **प्रा.लि. नं. १३१५१६** को **पि.एस.जि. इन्टरनेशनल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगारको अवसर** | कम्पनी: **ALL SEAS COMPANY LLC** शहर: **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६९१ LT. No.: 244161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Supervisor | 1 | 0 | | 2200 | ६९,४९८ | | | | | | | |
| 3. | Fish Cutter & Cleaner | 3 | 0 | | 1000 | ३१,५९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ११ गते (27 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**साउदीमा रोजगार** | कम्पनी: **OSMAN ABDULKAREEM ABU HAIB TRADING EST** शहर: **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६६६ LT. No.:244142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १० गते (26 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Raj Group Of Company Pvt. Ltd.**
License No.: 1245/074/075
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

**SAUDI मा रोजगार** | कम्पनी: **YACOUB ICE PRODUCATION FACTORY** शहर: **Riyadh**

पूर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६९० LT. No.: 244017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ११ गते (27 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)**
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान–३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२
Email: sagunoverseas@gmail.com

**साउदीमा वैदेशिक रोजगार** | कम्पनी : **HAMED SAUD AL OTAIBY CONTRACTING CO** शहर: **Riyadh**

पूर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६८३ LT. No.: 244063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 15 | 0 | स. काममा दक्ष | 1500 | ४७,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ११ गते (27 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Tokha- 14, Samakhushi, Kathmandu, Nepal | Tel : 01-49863399
Mob. No.: 9810281906, 9808399038, 9803949408, 9851040517
Email: gcdworldwide2@gmail.com

**कतारमा रोजगारको अवसरको अवसर** | कम्पनी: **JAKWAR CONSTRUCTION** शहर: **DOHA**

पूर्व स्वीकृत मितिः २०७८/०५/०३ चलानी नं.: ६०१६१६९२ LT. No.: 244185

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ११ गते (27 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com



माछा मार्दै युवक

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका- १ भारदहस्थित सप्तकोशी नदीको छेउमा आफ्नो परिवारको खर्च जुटाउनका लागि माछा मार्दै युवक । तस्वीर : अरुणकुमार यादव/रासस

### निर्यात व्यवसायीको आक्रामक कार्यक्रम

# ४ वर्षभित्र ७ अर्ब अमेरिकी डलर बराबरको निर्यात गर्ने लक्ष्य



**मध्यान्ह संवाददाता**
भदौ ३, काठमाडौं ।

निर्यात व्यवसायी महासंघ नेपालले सन् २०२५ को अन्त्यसम्म नेपालको निर्यात व्यापारको आकार सात अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको छ । महासंघले नेपालको निर्यात व्यापारको आकार आगामी तीन वर्षमा एक अर्ब अमेरिकी डलरबाट दुई अर्ब अमेरिकी डलर पुऱ्याउने र सन् २०२५ को अन्त्यसम्म सात अर्ब अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको हो ।

नेपालको निर्यात व्यवसायलाई अभिवृद्धि गरी व्यापार घाटा कम गर्न महासंघले गत साउन २७ गतेदेखि साउन २९ गतेसम्म ४० देशका कूटनीतिक नियोगका प्रतिनिधिसँग भर्चुअल माध्यमबाट गरेको अन्तरर्क्रियामा समृद्ध मुलुक निर्माणका लागि निर्यातलाई जोड दिनुपर्ने निष्कर्ष निकालेको हो ।

कूटनीतिक नियोगका प्रतिनिधिसँगको छलफलपछि बिहीबार पत्रकार सम्मेलन गर्दै महासंघले कुन देशमा कुन वस्तुको आवश्यकता छ भन्नेबारे कूटनीतिक नियोगले छलफल गरेर एक महिनाभित्र महासंघलाई राय सुझाव दिने बताएको छ ।

सो अवसरमा महासंघका अध्यक्ष एवं गण्डकी प्रदेशसभा सदस्य रामबहादुर गुरुङले नेपालको व्यापार घाटालाई कम गरी निर्यातमा जोड दिन महासंघले कूटनीतिक नियोगसँग छलफल अगाडि बढाएको बताए ।

'नेपालमा उत्पादित कृषि सामग्री र औद्योगिक सामग्रीको निर्यात मात्र नभई ऊर्जा उत्पादनमा जोड दिई ऊर्जा निर्यातलाई महासंघले अगाडि बढाउन खोजेको छ', अध्यक्ष गुरुङले भने । हाल नेपालबाट १२० भन्दा बढी मुलुकमा ९५० भन्दा बढी उत्पादित सामग्री निर्यात हुँदै आएको छ । समृद्ध मुलुक निर्माणका लागि औद्योगिक क्षेत्रको निर्माणमा जोड दिनुपर्ने उहाँको भनाइ थियो । निर्यात प्रवर्द्धनका लागि कतिपय मुलुकका नेपाली दूतावासमा बजेट नभएको अवस्थामा निर्यातकर्ताको पहलमा परराष्ट्र मन्त्रालयमार्फत बजेट छुट्याउन लगाएर निर्यात प्रवर्द्धनलाई जोड दिइएको उनले बताए ।

नेपालबाट विशेषगरी विदेशमा कार्पेट, तयारी पोसाक, पश्मिना, फेल्टलगायत सामग्री बिक्री वितरण हुँदै आएका छन् । महासंघका महासचिव अमृत खड्काले कूटनीतिक नियोगका प्रतिनिधिसँगको छलफलपछि कुन देशमा कुन वस्तुको आवश्यता छ भन्नेबारे जानकारी पाइने हुँदा सम्बन्धित देशलाई आवश्यक सामग्री निर्यातमा महासंघले सहजकर्ताको भूमिका खेल्नसक्ने बताए ।

नेपालमा उत्पादित वस्तुमध्ये सबैभन्दा धेरै वस्तु भारतमा निर्यात हुँदै आएको छ । त्यसपछि दोस्रो निर्यात हुने मुलुक अमेरिका हो । निर्यात गर्ने १२ वटा वस्तुगत संघ र निर्यातकर्ताको सहकार्यमा विसं २०७६ माघमा स्थापना भएको महासंघमा हाल २२ वस्तुगत संघ आबद्ध भइसकेका छन् । नेपालको आर्थिक क्षेत्रलाई थप सबल बनाउनका लागि निर्यातलाई जोड दिनुपर्ने मान्यता राख्दै आएको महासंघले ५०० सदस्य पुऱ्याउने लक्ष्य लिएको छ ।

# यामाहाको एसेम्बलिङ उद्योग भैरहवामा खुल्दै, एक वर्षभित्रै सञ्चालन हुने

**काठमाडौं/मस–** एमएडब्लू इन्टरप्राइजेज कम्पनीले भैरहवामा यमाहा मोटरसाइकलको एसेम्बलिङ उद्योग स्थापना गर्ने भएको छ । कम्पनीका प्रवन्ध निर्देशक तथा नेपाल उद्योग परिसंघका अध्यक्ष समेत रहेका विष्णु अग्रवालले भैरहवामा यामाहा मोटरसाइकलको एसेम्बलिङ उद्योग स्थापना गर्न लागेका हुन् । हाल यामाहाको एसेम्बलिङ उद्योग स्थापना गर्नको लागि तयारी भइरहेको अग्रवालले बताए । त्यसको लागि जग्गा प्राप्तिदेखि अन्य काम भइरहेको पनि उनले बताए । 'नेपालमा पनि विस्तारै अटो बजार बढ्दै गइरहेको छ, हरेक देशले आफ्नो इको सिस्टम बनाउँछ, केही कम्पनीले एसेम्बलिङको काम सुरु गरिसकेका छन्, त्यसैले पनि हामीले यसमा हात हालेका हौं, उनले भने ।

एमएडब्लुले विश्वका चर्चित अटो ब्राण्डहरु भित्र्याएर बिक्री वितरण गर्दै आएको छ । यामाहा मोटरसाइकलको व्यापारबाट अटोमोवाईल क्षेत्रमा प्रवेश गरेको यस कम्पनीले स्कोडा, जीप, जेसीवी, स्कोटस्, फोटोन, विएण्डटी लगायत ब्राण्डको नेपालको आधिकारिक बिक्रेता भएर काम गर्दै आएको छ । उनका अनुसार हालसम्म लगानी कति लाग्छ भन्ने यकिन भइसकेको छैन । तर, ठूलै लगानीमा उद्योगको स्थापना हुने उनको भनाई छ ।

संसारभर अटोमोवाइल उद्योगको विकास एसेम्बलिङ उद्योगबाट नै हुने र नेपालमा पनि त्यसको शुरुवात भएको उनले बताए । हाल नेपालमा २ वटा कम्पनीले मोटरसाइकल एसेम्बलिङ गरिरहेका छन् । शंकर ग्रुप अन्तर्गतको जगदम्बा मोटर्सले टीभीएस मोटरसाइलकको एसेम्बल गरिहरेको छ भने गोल्छा अर्गनाइजेशनले बजाजको मोटरसाइकल एसेम्बल गरिरहेको छ ।

## जलविद्युतको शेयरमा चलखेल

### नियमन आयोगले भन्यो –

# लगानीकर्ता झुक्याउने कम्पनीलाई कारबाही गर्छौं




**सागर तिमल्सिना/मध्यान्ह**
भदौ ३, काठमाडौं ।

विद्युत नियमन आयोगले लगानीकर्तालाई झुक्याएर दोस्रो बजारको शेयर मूल्य बढाउने जलविद्युत कम्पनीलाई कारबाही गर्ने भएको छ । आयोगले बिहीबार एक सूचना सार्वजनिक गर्दै लगानीकर्तालाई झुक्याउने/बहकाउने खालको त्रुटिपूर्ण सूचना प्रवाह गरेर मूल्यमा चलखेल गर्ने कम्पनीलाई कारबाही गर्ने जनाएको हो ।

यद्यपी आयोगले सेयर मूल्य बढाउन त्रुटिपूर्ण सूचना प्रवाह गर्ने कम्पनीको नाम भने खुलाएको छैन । आयोगले त्यस्ता कम्पनीलाई आवश्यक कारबाही चालिने विश्वास सुचनामार्फत दिलाउन खोजेको छ ।

'सूचीकृत कम्पनीले जानकारी तथा विवरण सार्वजनिक गर्दा सत्य निष्पक्ष जानकारी प्रेषित गर्नु पर्ने कम्पनीको जिम्मेवारी हो,' आयोगले भनेको छ, ' जानाजान मूल्य बढाउन लगानीकर्तालाई झुक्याउने गरी त्रुटिपूर्ण सूचना प्रवाह गर्ने प्रवर्द्धक एवं उत्पादक कम्पनीविरुद्ध आयोगले आवश्यक कारबाही चाल्ने सुनिश्चितता दिलाउन चाहन्छौं ।'

### लगानीकर्तालाई ध्यान दिन आग्रह

झुक्याउने खेल भईरहेको भन्दै आयोगले लगानीकर्ता पनि सजग हुनुपर्ने बताएको छ । विद्युत आयोजना एवं कम्पनीहरुको प्राविधिक तथा वित्तीय अवस्थालाई मध्यनजर गरेर सम्भावित प्रतिफलको लेखाजोखा गरेर मात्रै लगानी गर्न आयोगले आग्रह गरेको छ ।

आयोगले शेयरमा लगानी गर्दा सम्भावित मुनाफाको मूल्यांकनसँगै जोखिमको पनि आकंलन गर्न पनि आग्रह गरेको छ । 'कुनै पनि विद्युत् सम्बन्धी कम्पनीको सेयरमा लगानी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा लगानीकर्ता स्वयमले नै सम्बन्धित प्रबर्द्धक कम्पनी वा आयोजनाको आधारभूत अवस्थाको अध्ययन नै गरी निर्क्यौल गर्नुपर्ने बजारको सिद्धान्त हो, सूचिकृत कम्पनीले जानकारी वा विवरण सार्वजनिक गर्दा सत्य तथा निष्पक्ष जानकारी प्रेसित गर्नुपर्ने सम्बन्धित कम्पनीको जिम्मेवारी हो,' आयोगले भनेको छ ।

जलविद्युत कम्पनीको सेयर खरिद गर्दा कम्पनीको नेट वर्थ चुक्ता पुँजी भन्दा कम भए/नभएको, सेयरको बजार मूल्य र प्रति सेयर आम्दानीको अनुपात कम भए/नभएको, चालू सम्पत्ति र चालु दायित्वको अनुपात धेरै भए/नभएको तथा तरलता अनुपात धेरै भए/नभएको हेर्न आयोगले अनुरोध गरेको छ । निर्माणाधिन आयोजनाको हकमा कार्य प्रगति हेर्न, कम्पनीले लिएको ऋणको ब्याजदर उच्च भए/नभएको, ऋण तथा स्वपुँजीको अनुपात लगायतका विषय हेर्नुपर्ने आयोगको सुझाब छ । पछिल्लो समय जलविद्युत कम्पनीहरुको शेयरमा अस्वभाविक कारोबार भएको देखिन्छ । जसको कारण शेयर मुल्य अस्वभाविक रुपमा बृद्धि पनि भईरहेको छ ।

## संक्षिप्तमा अर्थ

### सिद्धार्थ इन्स्योरेन्सको सीईओमा पुनः क्षेत्री नियुक्त

**काठमाडौं/मस–** सिद्धार्थ इन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा पुनः बीरेन्द्र वैदवार क्षेत्री नियुक्त भएका छन् । भदौ २ गते बसेको कम्पनी सञ्चालक समितिले क्षेत्रीलाई इन्स्योरेन्सको सीईओ पदमा पुनः नियुक्त गरेको हो । इन्स्योरेन्समा बरिष्ठ प्रबन्धकबाट सेवा आरम्भ गरेका उनले कायम मुकायम प्रमुख कार्यकारी हुँदै, चार वर्ष प्रमुख कार्यकारीको जिम्मेवारी सफलता पुर्वक पुरा गरेका छन् । यससँगै उनले आगामी ४ वर्ष आफ्ना दोश्रो कार्यकाल सम्हाल्ने छन् ।

क्षेत्रीले पूर्वाञ्चल विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर तहसम्मको अध्ययन पुरा गरी भारतीय बीमा संस्थानबाट एफआईआई उपाधी हासिल गरेका छन् । उनी अन्डरराइटिङ, जोखिम व्यवस्थापन, बजार व्यवस्थापन विषयमा विशेष दखल राख्ने व्यक्तीको रुपमा परिचित रहेका छन् भने संस्थागत सुशासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रशासकको रुपमा मानिन्छन् ।

### नबिल बैंक र मुक्तिनाथ विकास बैंकबीच व्यापार सम्झौता



**काठमाडौं/मस–** नबिल बैंकले मुक्तिनाथ विकास बैंकका ग्राहकहरुलाई आवश्यकता पर्ने गैर कोषमा आधारित बैंकिङ्ग सुविधाहरु उपलब्ध गराउन व्यापारिक सम्झौता गरेको छ ।

यस सम्झौता अन्तर्गत मुक्तिनाथ विकास बैंकका ग्राहकहरुले नबिल बैंक मार्फत लेटर अफ क्रेडिट, डकुमेन्ट अगेन्सट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट एक्सेप्टेन्स, लोकल बैंक ग्यारेन्टी आदि सुबिधाहरु उपभोग गर्न सक्नेछन । यस सहकार्यबाट मुक्तिनाथ विकास बैंकको ग्राहकहरुले आधुनिक बैंकिङ सुविधाहरु उपभोग गर्ने अवसर प्राप्त गर्नेछन् । साथै यस सम्झौता पश्चात दुई बैंकबीच निक्षेप, रेमिट्यान्स, निर्देशित क्षेत्रमा लगानी, सह-वित्तीयकरण कर्जा, विदेशी मुद्रा सम्बन्धि अन्य कारोबार समेत अगाडी बढाउने लक्ष्य राखिएको बताइएको छ ।

साझेदारीको बारेमा बोल्दै नबिल बैकका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले नबिल बैंकले यस सहकार्यको माध्यमबाट मुक्तिनाथ विकास बैंकको ग्राहकहरुलाई विस्तारित बैंकिङ्ग सुविधा प्रदान गर्न पाउँदा खुसी भएको बताए । यस सम्झौताले मुक्तिनाथ विकास बैंकका ग्राहकहरुले आउँदा दिनहरुमा प्रतितपत्र, बैंक जमानत, डिमाण्ड ड्राफट लगायतका वैदेशिक व्यापारमा प्रयोग हुने विभिन्न उपकरणहरु मुक्तिनाथ विकास बैंकका शाखाहरुबाटनै प्राप्त गर्ने भएकाले वैदेशिक व्यापारमा संलग्न ग्राहकहरुलाई समग्र बैकिङ्ग सेवा लिन सुविधा पुग्ने मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले जानकारी दिए ।

### एभरेष्ट इन्स्योरेन्सको नाफामा सामान्य वृद्धि

**काठमाडौं/मस-** एभरेष्ट इन्स्योरेन्सले आव २०७७/७८ मा २० करोड ३८ लाख रुपैयाँ नाफा आर्जन गरेको छ । अघिल्लो आर्थिक वर्षमा कम्पनीको नाफा २० करोड २६ लाख रुपैयाँ रहेको थियो । कम्पनीले आव २०७७/७८ मा १ अर्ब १ करोड ४३ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ । अघिल्लो वर्ष कम्पनीको कुल बीमाशुल्क आर्जन ९१ करोड ८३ लाख रुपैयाँ रहेको थियो । १ अर्ब १८ करोड ३६ लाख रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीको जगेडा कोषमा ३८ करोड ३३ लाख रुपैयाँ, बीमा कोषमा ४२ करोड ६७ लाख रुपैयाँ रहेको छ । यसैगरी, कम्पनीले गत आवमा लगानी, कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी ५ करोड ९१ लाख रुपैयाँ आम्दानी गरेको छ । अघिल्लो आवमा कम्पनीले लगानी कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी ५ करोड ८६ लाख रुपैयाँ आम्दानी गरेको थियो । साथै, कम्पनीले ८९ करोड ३७ लाख रुपैयाँ कुल दावी भुक्तानी गरेको छ भने ९५ करोड ३७ लाख रुपैयाँ दावी भक्तानी हुन बाँकी छ । यसैगरी, कम्पनीले अभिकर्ता कमिसन वापत २ करोड ६ लाख रुपैयाँ खर्च गरेको छ । साथै, कम्पनीको प्रतिसेयर आम्दानी (वार्षिक) १७ रुपैयाँ २२ पैसा, प्रतिसेयर नेटवर्थ १६८ रुपैयाँ ४४ पैसा, पिई रेसियो ४३.४८ गुणा, प्रतिसेयर कुल सम्पत्ति २२५ रुपैयाँ ५१ पैसा रहेको छ ।

### शिखर इन्स्योरेन्सको नाफा ५.६७ प्रतिशतले बढ्यो

**काठमाडौं/मस–** शिखर इन्स्योरेन्सले आव २०७७/७८ मा ४७ करोड ५७ लाख रुपैयाँ नाफा आर्जन गरेको छ । अघिल्लो आर्थिक वर्षमा कम्पनीको नाफा ४५ करोड १ लाख रुपैयाँ रहेको थियो । कम्पनीले आव २०७७/७८ मा ३ अर्ब ९७ करोड २३ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ । अघिल्लो वर्ष कम्पनीको कुल बीमाशुल्क आर्जन ३ अर्ब ५२ करोड १६ लाख रुपैयाँ रहेको थियो ।

१ अर्ब ७५ करोड ८५ लाख रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीको जगेडा कोषमा ५७ करोड २० लाख रुपैयाँ, बीमा कोषमा १ अर्ब २ ९ करोड ५१ लाख रुपैयाँ रहेको छ । यसैगरी, कम्पनीले गत आवमा लगानी, कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी १३ करोड १५ लाख रुपैयाँ आम्दानी गरेको छ । अघिल्लो आवमा कम्पनीले लगानी कर्जा तथा अन्य क्षेत्रमा लगानी गरी १२ करोड ७३ लाख रुपैयाँ आम्दानी गरेको थियो ।

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

Documentation Officer -2 (Male/Female)

Accountant- 1 (Male/Female)

***Experience:*** *2 Years on Manpower field.*
***Salary:*** *Negotiable.*
*Knowledge of computer (Office Package, Photoshop).*
***Qualification:*** *+2 pass & above.*
***Note:** *Only Short Listed will be Notified for final Interview.*

**Please email your CV & relevant document to the given address:**
***info@saptakoshihr.com***

SHR Est. 2010
Gov. Lic No. 884/067/068

**SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.**
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**